# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक ३०५ काठमाडौं सोमबार, २१ फागुन २०८० Prabhab National Daily Monday, March 4, 2024 www.prabhabonline.com पृष्ठ १० मूल्य रू. ५।–


# टेरामक्स र टिआरसीले तताायो राजनीति





टिआरसी विधेयकबारे छलफल गर्न आइतबार बसेको संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिको बैठक ।

- टिआरसी विधेयक रोकिँदा परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको फिनल्यान्ड भ्रमण रद्द
- फिनल्यान्डको राजधानी हेल्सिन्कीमा आयोजना हुने 'सेकेन्ड युएन एलडिसी फ्युचर फोरम' मा सहभागी हुन मन्त्री साउद आइतबार राति प्रस्थान गर्ने कार्यक्रम थियो
- टेरामक्समा मुछिएका मुख्यसचिव बैकुण्ठ अर्याललाई बिदामा बस्न प्रधानमन्त्री दाहालको निर्देशन

■ जेबी योञ्जन

**काठमाडौं–** दूरसञ्चारसम्बन्धी टेरामक्स प्रकरण र 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको (टिआरसी) विधेयक' का कारण राजनीति तरंगित बनेको छ । टेरामक्स भ्रष्टाचार प्रकरणमा मुछेका मन्त्रीलाई सरकारबाट हटाउनैपर्ने र टिआरसी पारित गर्नैपर्ने अल्टिमेटमका साथ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रस्तुत भएका छन् ।

यही विषयलाई लिएर प्रधानमन्त्री दाहालले आफ्नो कामको रफ्तार बढाएका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग आइतबारमात्र दाहालले दुईपटक भेटे । ओलीसँगको भेटपछि सत्ता साझेदार नेपाली कांग्रेससँग दाहालले घुर्की लगाएसँगै कांग्रेस सभापति शेरबहादुर देउवाले पनि आफ्ना पार्टीका मन्त्रीहरूसँग छलफल गरेका छन् ।

आइतबार साँझ ५ बजे बूढानीलकण्ठ पुगेर मन्त्रीहरूले अहिले नै पदबाट नहटाउन अनुरोध गरेका थिए । तर देउवाले दाहालले निकै अप्ठेरोमा पारेको भन्दै मन्त्रीहरूलाई पद छाड्न तयार रहन निर्देशन दिएर पठाए । बैठकमा परराष्ट्रमन्त्री साउद भने जान पाएनन् । फिन्ल्यान्ड उड्न तयारी गरेकाले उनी बैठकमा छुटेका थिए । तर पछि उनको फिन्ल्यान्ड भ्रमण नै रद्द भयो ।

फिनल्यान्डको राजधानी हेल्सिन्कीमा आयोजना हुने 'सेकेन्ड युएन एलडिसी फ्युचर फोरम' मा सहभागी हुन मन्त्री साउद आइतबार राति प्रस्थान गर्ने कार्यक्रम थियो ।

(क्रमशः पृष्ठ २ मा)

## मुख्यसचिवलाई बिदामा बस्न निर्देशन

प्रधानमन्त्री पुष्पकमल दाहालले मुख्यसचिव बैकुण्ठ अर्याललाई बिदामा बस्न निर्देशन दिएका छन् । आइतबार सिंहदरबारमा भेटेर दाहालले मुख्यसचिवलाई बिदामा बस्न निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

टेरामक्स खरिद प्रकरणमा अनियमितताको आरोप लागेका र अनुचित आर्थिक लेनदेनमा मुछिएका मुख्यसचिव अर्याललाई बिदामा बस्न निर्देशन दिएका हुन् । टेरामक्स खरिद प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुख्यसचिव अर्यालसँग यसअघि नै बयान लिइसकेको छ । (क्रमशः पृष्ठ २ मा)

## टिआरसी विधेयक टुंग्याउने कसरत

- गम्भीर प्रकृतिको मानवअधिकार हनन् कस्ता द्वन्द्वकालीन घटनालाई भन्नेमा सहमति
- पीडित पक्षको स्वतन्त्र सहमति नभएमा के गर्ने र त्यस्तो अवस्थामा मुद्दाको अभियोजन गर्दा सजाय घटी कति गर्ने भन्नेमा सहमति हुन बाँकी
- समिति बैठक बस्दै, बैठकले सहमति हुन बाँकी दुई विषय टुंगो लगाउने

■ जेबी योञ्जन

**काठमाडौं–** छलफलमा रहेको नौ वर्षपछि संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई आज सोमबार संसदीय समितिबाट परित गर्ने तयारी भएको छ । विधेयकको मुख्य विवादित विषय मानिएको गम्भीर प्रकृतिको मानवअधिकार हनन् कस्ता द्वन्द्वकालीन घटनालाई भन्ने भन्नेमा सहमति जुटेपछि विधेयकलाई पारित गर्ने तयारी भएको हो ।

विधेयकबारे आइतबार साँझै प्रधानमन्त्री पुष्पकमल दाहाल र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच छलफल भएको छ । पार्टी महासचिव शंकर पोखरेल लिएर प्रधानमन्त्रीनिवास बालुवाटार पुगेका ओलीले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको (टिआरसी) विधेयक' संसद्बाट सहमतिका आधारमा अगाडि बढाउने विषयमा दाहालसँग छलफल गरे । प्रधानमन्त्री दाहालले आइतबार बिहान पनि नेताहरूसँग विधेयकबारे छलफल गरेका थिए ।

दिउँसो भने कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले कानुन समितिको बैठकपछि सोमबार बिहानसम्मका लागि विधेयकका दुई विषयमा सहमतिका लागि समय मागेका थिए । सहमति हुन बाँकी दुईवटा विषय भनेको द्वन्द्वकालीन मुद्दामा पीडित पक्षको स्वतन्त्र सहमति नभएमा के गर्ने र त्यस्तो अवस्थामा मुद्दाको अभियोजन गर्दा सजाय घटी कति गर्ने भन्ने हो ।

दलहरूबीच स्वेच्छाचारी र नियतबश हत्या भन्ने शब्दहरूमा सहमति जुटेको छ । समिति सदस्यसमेत रहेका एमाले सचेतक महेश बर्तौलाले पीडितमैत्री कानुन बनाउन स्वेच्छाचारी र नियतबश हत्या शब्द राख्न एमाले सहमत भएको बताए ।

'न्यायको सुनिश्चितताका आधारमा हाम्रो चासो हो । क्रस फायरिङबाहेक सबै हत्या गम्भीर उल्लंघन राखौं,' उनले प्रभावसँग भने, 'सरकारले स्वेच्छाचारीपूर्वक भनेको छ, यसमा धेरै भिन्नता होइन । तर, पीडितमैत्री बनाउन स्वेच्छाचारी रूपमा वा नियतवश गरिएको हत्या राखौं, यसो भयो भने दोहोरो भिडन्तबाहेक भन्ने पनि हुन्छ । यसले न्याय सुनिश्चित गर्छ ।'

यसअघि संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिअन्तर्गत गठित उपसमितिले चारवटा विषयमा शीर्ष नेतृत्व तहमा सहमति खोजेको थियो । त्यसमध्येमै मानवअधिकारको गम्भीर उल्लंघनमा स्वेच्छाचारी रूपमा क्रुरतापूर्वक गरिएको हत्या (आर्बिट्ररी किलिङ) वा दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्ने ? भन्ने थियो । यसमा आइतबार सहमति जुटेको हो ।

सशस्त्र द्वन्द्वको क्रममा जोडिएको र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने ? भन्नेमा पनि दलहरूबीच सहमति जुटिसकेको छ । तर, मानवअधिकार उल्लंघनको घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ? र, घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने कि प्रतिशत नै तोकेर जाने ? भन्ने सहमति जुट्न बाँकी रहेको हो ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## अवैध कामदार फर्काउन मलेसियाले ल्यायो 'स्वदेश फिर्ती' कार्यक्रम

■ प्रभाव संवाददाता



**काठमाडौं–** मलेसिया सरकारले त्यहाँ अवैधरूपमा बसेका आप्रवासी श्रमिकहरूका लागि 'स्वदेश फिर्ती' कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । अवैधरूपमा बस्दै आएका उनीहरूलाई यही फागुन १८ देखि २०८१ पुस १६ गते (१ मार्च २०२४ देखि ३१ डिसेम्बर २०२४) सम्म 'माइग्रेसन रिपेट्रिएसन प्रोग्राम' अन्तर्गत घर फिर्ता हुन पाइने व्यवस्था गरेको छ ।

मलेसियास्थित नेपाली दूतावासले एक सूचना जारी गर्दै अवैधरूपमा बस्दै आएका विदेशी नागरिकलाई त्यहाँको सरकारले यही फागुन १८ गतेदेखि लागू हुनेगरी घरफिर्ती कार्यक्रम ल्याएको उल्लेख गरेको छ । यस कार्यक्रमअन्तर्गत आप्रवासी श्रमिकले अधिकतम ५०० रिंगेट जरिवाना तिरेर स्वदेश फर्किन पाउने छन् ।

मलेसियामा विनाभिसा प्रवेश गरेका वा भिसाको म्याद गुजारेर बस्ने आप्रवासीहरूको हकमा ५०० रिंगेट र भिसाको नियम उल्लंघन गर्नेहरूलाई ३०० रिंगेट जरिवाना तोकिएको दूतावासले जनाएको छ । मलेसियाले ल्याएको उक्त कार्यक्रम अवैधरूपमा रहेका नेपाली श्रमिकहरूको हकमा बढी लाभदायक हुने भएकोले बेलैमा प्रक्रिया अघि बढाउन पनि दूतावासले आग्रह गरेको छ ।

यस्तै यसअघि अवैधानिकरूपमा बस्दै आए पनि स्वदेश फर्कन चाहने विदेशी नागरिकको सहजीकरणका लागि मलेसियाको अध्यागमन विभागले कुनै निकाय वा व्यक्तिलाई जिम्मेवारी नदिएको दूतावासले प्रस्ट पारेको छ । यसका लागि घर फर्कन चाहने नेपालीहरूले स्वयं उक्त कार्यक्रममा आबद्ध हुने प्रक्रिया अगाडि बढाउन सक्ने बताइएको छ । वैधानिक कागजात नभएका नेपाली श्रमिकहरूलाई जरिवाना तिरेर घर फर्किन पाउने यो उपयुक्त अवसर भएको दूतावासले उल्लेख गरेको छ ।

अवैधरूपमा रहेका नेपालीले वैध राहदानी वा यात्रा अनुमतिपत्र (ट्राभल डकुमेन्ट) प्राप्त गर्न नेपाली दूतावासमा आवेदन दिनुपर्ने छ । निवेदन कार्यान्वयनमा गएदेखि १४ दिनभित्रमा नेपाल फर्कने तयारी गर्न र एकतर्फी हवाई टिकटको व्यवस्था मिलाउनुपर्ने छ । यसका लागि जरिवाना रकम तिरेको हुनुपर्ने छ । तर मलेसियाको अध्यागमन विभागलाई जरिवाना रकम नगदमा तिर्न नमिल्ने हुँदा डेबिट कार्ड वा क्रेडिट कार्डबाट अथवा 'टच एन गो इ-वालेट' मार्फत पिन नम्बर लिई जरिवाना तिर्न सकिने दूतावासले जनाएको छ । यसका लागि अध्यागमन विभागले तोकेका आफूलाई पायक पर्ने स्थानमा गएर आवेदन दर्ता र जरिवाना भुक्तानी गर्न सकिने बताइएको छ ।

## सोदीमा थप ५० नेपालीले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ५० जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनी रूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीति अनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा तीन हजार १०० भन्दा बढी नेपालीले विभिन्न मितिमा पटक-पटक गरी एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।

यदि कुनै पनि अवस्थामा अप्ठ्यारोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने दूतावासले जनाएको छ ।




पृष्ठ १ बाट क्रमशः

### टेरामक्स र...

पछिल्ला दिनमा नेकपा माओवादी केन्द्रले राष्ट्रिय सभा अध्यक्षमा दाबी गरेपछि कांग्रेससँग सम्बन्ध र गठबन्धनमा तिक्तता आएको बताइएको छ ।

#### प्रधानमन्त्री दाहालको आफ्नै अडान

आइतबार जसरी पनि 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक' पारित हुनेमा ढुक्क थिए दाहाल । त्यसका लागि दाहालले बिहानै एमाले अध्यक्ष ओली र कांग्रेसका सभापति देउवासँग बालुवाटारमा भेटेका थिए । त्यतिमात्र हैन प्रधानसेनापति प्रभुराम शर्मासँग पनि सहमति नजुटेका विषयमा समन्वय गर्न भन्दै बिहानै भेटेका थिए ।

प्रधाननसेनापति शर्मा एमाले अध्यक्ष ओली भेट्न बालुवाटारबाट बालकोट पुगे । त्यसपछि ओली पनि यो विधेयक पारित गर्न लचक बने । जबकि ओलीले मानवअधिकारको गम्भीर उल्लंघनमा दोहोरो भिडन्तमाबाहेक गरिएको हत्या राख्नुपर्ने अडान छाडेका थिएन । कांग्रेससँगको गठबन्धन फुटाउने बिन्दुमा आएर एमाले यस विषयमा सहमत भएपछि दाहाल ढुक्क बने ।

दिउँसो कानुन, न्याय तथा मानवअधिकार समितिमा टिआरसी विधेयकमा दलहरूबीच गम्भीर छलफल भयो । एमाले, माओवादी, राप्रपा र रास्वपा विधेयक पारित गर्न तयार भए । यहीबेला कानुनमन्त्री धनराज गुरुङले विधेयक पारित नहुने संकेत गरे । आफ्नो कार्यकालमा विधेयक पारित हुन लाग्दा कानुनमन्त्री धनराज गुरुङ खुसी हुनुपर्ने हो तर उल्टै उनैले विधेयक समितिबाट पारित गर्नका लागि समय मागे ।

'माननीयज्यूहरू, यो विधेयक पारितका लागि केही समय चाहिने भयो,' गुरुङको प्रस्ताव गरे । सबैको सुझाव समेटेर मस्यौदा तयार गरेपछि समितिमा छलफलका लागि फेरि ल्याउने मन्त्री गुरुङले थप प्रस्ताव गरे । मन्त्रीकै आग्रहमा समितिकी सभापति विमला सुवेदी राजी भइन् । उनले कुनै मिति नतोकी अर्को सूचना जारी गरेर अर्को बैठक राख्ने जानकारी दिइन् । आइतबार राति समितिका सचिव अधिराज राईले एक सूचना जारी गर्दै यसै विधेयकको मस्यौदा प्रतिवेदनमाथि छलफलका लागि आज (सोमबार) ७:४५ का लागि बैठक डाकेको जनाएका छन् ।

कांग्रे सभापति देउवाका स्वकीय सचिव भानु देउवाले मन्त्रीहरूसँग टिआरसी विधेयकमा कसरी जाने भन्ने विषयमामात्र छलफल गरेको बताए । 'णटिआरसीको विषयमा छलफल गर्न मन्त्रीहरूलाई बोलाउनुभएको हो । भोलि बैठक छ समितिमा । यसलाई भोटिङमा लाने कि सहमतिमा लाने भन्ने विषयमा छलफल भएको हो,' सभापति देउवाका स्वकीय सचिव देउवाले भने । सकेसम्म सहमतिमा जाने नभए भोटिङमा पारित गर्ने भन्ने निर्णय बैठकको रहेको उनले बताए ।

#### कांग्रेस मन्त्रीको सेट नै फेर्ने तयारी

कांग्रेस सभापति देउवाले कांग्रेसका मन्त्रीहरूलाई प्रधानमन्त्री दाहाल निकै रिसाएको भन्दै 'ब्रिफ' गरेका थिए, बूढानीलकण्ठमा । मन्त्रीहरूलाई देउवाले मन्त्रिमण्डल हेरफेर हुनसक्छ तयार रहनु भन्ने निर्देशन दिए । एक जनालाई मात्र हटाउँदा कारबाही हुने देखिएकोले सबै मन्त्री फेर्न कांग्रेस लगभग तयार रहेको स्रोतले जनायो । 'मोहन बस्नेतको केसमा पार्टी सिरियस हो । तर उहाँलाई मात्र हटाउँदा कारबाही गरेजस्तो देखिन्छ । त्यसैले सबैजना फेरिन सक्छ भनेर सभापतिले निर्देशन दिनुभएको छ,' स्रोतले भन्यो । प्रधानमन्त्री दाहाल भने अर्थमन्त्री डा. प्रकाशशरण महतसँग रुष्ट थिए । महतलाई 'सुपर मन्त्री' भन्दै दाहालले रोष प्रकट गरे पनि देउवाले कुनै हालतमा उनलाई हटाउन चाहेका थिएनन् ।

माओवादी अध्यक्षसमेत रहेका दाहाल टिआरसी आफ्नै पालामा पारित भएको जस लिन गठबन्धन नै फेरबदलको बार्गेनिङमा लागेको बताइन्छ । टिआरसी विधेयक शीर्ष नेताहरू ओली र देउवा पनि आफ्नो नेतृत्वमा पारित गर्न चाहन्छन् । राष्ट्रिय सभा अध्यक्ष र मन्त्री फेरबदलको निहुँ बनाएर दाहालले आफ्नो पालामा टिआरसी विधेयक पारित गर्न खोजेको माओवादी नेताहरू बताउँछन् ।

■■■

### टिआरसी विधेयक...

समिति सभापति विमला सुवेदीका अनुसार यसबारे करिब दलहरू सहमतिनजिक पुगेका छन् । आज सोमबार बिहान समिति बैठक बसाएर टुंगिन बाँकी दुवै विषय टुंग्याउने सुवेदीले बताइन् । बैठक बिहान ७ :४५ बजे बस्दैछ ।

बैठकले विधेयकका दुई विवादित विषयमा सहमति जुटाएपछि भने प्रतिवेदन तयार गर्ने भएको छ । उक्त प्रतिवेदनलाई कानुनमन्त्री गुरुङले संसद् बैठकमा पेस गर्ने छन् । संसद् बैठक आजै बस्दै छ । विधेयक पारित भए १० वर्षे द्वन्द्वकालीन मुद्दाहरू टुंगोमा पुऱ्याउन मार्गप्रशस्त हुने छ । जसबाट नेपालको शान्ति प्रक्रिया टुंगिने छ ।

संयुक्त राष्ट्रसंघ, युरोपियन युनियनलगायत अन्तर्राष्ट्रिय निकायले शान्ति प्रक्रियाको बाँकी कार्यभार छिटो पूरा गर्न सरकारलाई दबाब दिँदै आएका छन् । यसअघि राष्ट्रसंघका महासचिव गुटेर्रेसले नेपाल भ्रमणका क्रममा छिटो द्वन्द्वपीडितहरूलाई न्याय दिलाउन त्यससम्बन्धीको विधेयकलाई पारित गरेर अघि बढ्न् आग्रह गरेका थिए । तर, प्रमुख विपक्षी दल एमाले बाधक बन्दै आएको थियो । यसछि सत्ता गठबन्धनको प्रमुख घटक नेपाली कांग्रेसले संसदमा अल्पमत बहुमतका आधारमा निर्णय गरेर जान चाहेको थियो । प्रधानमन्त्री दाहालले भने एमालेको सहमति खोजेका थिए । कतिसम्म भने ११ माघमा भएको राष्ट्रिय सभामा निर्वाचनमा एमालेलाई केही सिट दिएर भए पनि संक्रमणकालीन न्यायको विषयमा सहमति जुटाउन चाहेका थिए ।

तर, मानवअधिकारको गम्भीर उल्लंघनमा दोहोरो भिडन्तमा बाहेकका लागि हत्या भनिनुपर्ने अडान एमालेले राखेको थियो । आइतबार भने कानुन समितिको बैठकमा एमाले निकै लचिलो भयो । सचेतक बर्तौलाले 'स्वेच्छाचारी रूपमा वा नियतवश रूपमा गरिएको व्यक्ति हत्या (आर्बिट्रारी किलिङ) लेख्ने प्रस्ताव गरेका थिए ।

जसबारे माओवादी सांसद पूर्णबहादुर घर्ती र कांग्रेस प्रमुख सचेतक रमेश लेखकले दुईमा एकमात्र शब्द राख्न सकिने बताएका थिए । अन्ततः छलफलको अन्तिममा कानुनमन्त्री गुरुङले मानवअधिकारको गम्भीर उल्लंघनमा नियतवस स्वेच्छाचारी रूपमा गरिएको क्रूरतापूर्वक हत्या राख्न सहमति जनाए । र, मानवअधिकार उल्लंघनको घटनामा मेलमिलाप गर्न सकिने व्यवस्था विधेयकमा प्रस्तावित छ । यसका लागि पीडितको स्वतन्त्र सहमति अनिवार्य गरिएको छ ।

सजाय घटीबारे भने ३३ र ६६ प्रतिशतसम्म छुट हुनसक्ने भनेर तोक्ने एमालेको प्रस्ताव छ । नियमित फौजदारी प्रक्रियामै पनि कसुर स्वीकार गरेर अनुसन्धानमा सहयोग गर्दा २५ प्रतिशत र कसुर गर्ने अरुका विषयमा अनुसन्धानमा सहयोग गरे ५० प्रतिशत घटी सजाय मागदाबी लिएर जान सकिने व्यवस्था छ ।

■■■

### मुख्यसचिवलाई...

उनले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव हुँदा सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलसँग तेस्रो व्यक्तिको बैंक खातामार्फत दुईपटकमा गरी १४ लाख रूपैयाँ बुझेको पनि सार्वजनिक भएको छ ।

उनीमाथि पौडेललाई दोस्रोपटक नियुक्ति दिलाउन भूमिका खेलेको आरोप छ । सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा भ्रष्टाचार गरेको भन्दै गत वैशाख ३ गते ६९ करोड आठ लाख रूपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएका पौडेल अकुत सम्पत्ति आर्जनको आरोपमा माघ १० देखि अख्तियारको हिरासतमा छन् । यही प्रकरणमा स्वास्थ्यमन्त्री बस्नेतको नामसमेत जोडिएको छ । यही प्रकरणमा मुछिएका कारण बस्नेतलाई मन्त्रीबाट हटाउनुपर्ने माग कांग्रेसभित्रै उठेको छ ।


## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONEST SA

पूर्व स्वीकृति मिति २०७८/१२/२८ पून विज्ञापन स्वीकृति मिति:२०८०/११/२० LT. No. 261502 चलानी नं. ६०१७७७९३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | USD | ने.रू. | | | | | | | |
| 1 | General Worker | 3 | 11 | 550 | ७२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MEDO COMPANY SRL

पूर्व स्वीकृति मिति २०७९/०१/०८ पून विज्ञापन स्वीकृति मिति:२०८०/११/२० LT. No. 261964 चलानी नं. ६०२१५८८४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | USD | ने.रू. | | | | | | | |
| 1 | General Worker | 0 | 18 | 550 | ७२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASAM SA

पूर्व स्वीकृति मिति २०७९/०३/२० पून विज्ञापन स्वीकृति मिति:२०८०/११/२० LT. No. 266516 चलानी नं. ६०१८२५२०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | USD | ने.रू. | | | | | | | |
| 1 | General Worker | 2 | 0 | 550 | ७२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LOZLUX KONSTRUCT SRL

पूर्व स्वीकृति मिति २०७९/०३/२१ पून विज्ञापन स्वीकृति मिति:२०८०/११/२० LT. No. 266511 चलानी नं. ६०१८४३४९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | USD | ने.रू. | | | | | | | |
| 1 | General Worker | 2 | 14 | 550 | ७२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: इन्टरस्काफ ट्रेनिङ सेन्टर, टोखा ७, काठमाडौंमा मिति: २०८० फागुन २९/३० र चैत १ गते (12/13/14 Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:७०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३७२/०७४/०७५

बि.डी. ग्रुप म्यनपावर प्रा. लि.

सामाखुशी-१४ टोखा, काठमाडौं नेपाल फोन नं. ०१-४९५९२२०

इमेल :- bdgroupmanpower1@gmail.com,वेवसाइट :- bdgroupnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAS MANPOWER COMPANY

पुर्व स्वीकृति मिति २०८०/०६/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२० LT. No. 292884 चलानी नं. ६०२०८०२०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 45 | 0 | 1800 | ६३,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal

Tel: 01-5451901, Fax: 977-1-5542407

Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com

Website: www.kapeelmanpower.com.np


# जलवायु परिवर्तनका असरबारे स्याङ्बोचेमा अन्तरसंवाद

**सोलुखुम्बु (प्रस)**– सोलुखुम्बुको स्याङ्बोचेमा जलवायु परिवर्तन र त्यसले स्थानीयमा पारेको असरसम्बन्धी सरोकारवालापक्षसँग अन्तरक्रिया गरिएको छ । जलवायु परिवर्तनले हिमाली क्षेत्रका महिला, बालबालिकासहितको जनजीवनमा पारेको प्रभावबारे विज्ञसहितको टोलीले आज प्रत्यक्ष अन्तरसंवाद गरेको हो ।

जलवायु न्यायका लागि विश्व समुदायको ध्यानार्कषण गराउन विभिन्न क्षेत्रका अगुवा महिलासहितको टोली सगरमाथाको कालापत्थर जाने क्रममा तीन हजार ८८१ मिटरको उचाइमा अवस्थित स्याङ्बोचेमा विशेष अन्तरसंवाद कार्यक्रम भएको हो ।

खुम्बु पासाङल्हामु गाउँपालिकासँगको सहकार्यमा जलवायु परिवर्तनको क्षेत्रमा काम गर्दै आएको साथसाथै फाउण्डेसनद्वारा आयोजित कार्यक्रमका सहभागीले जलवायु न्यायका लागि सरकारले ठोस कार्यक्रम अघि सार्दै कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । साथसाथैकी अध्यक्ष प्रजिता कार्कीले लुक्ला हुँदै सगरमाथा क्षेत्रमा जारी पदयात्राबाट जलवायु परिर्वतनका गम्भीर असर देखिएको र त्यसमा महिला समुदाय बढी पीडित भएको देखिएको बताइन् । उनले भनिन्, 'यहाँका हिमाल काला हुँदै गएको हाम्रै आँखा अघि छर्लंग देख्यौं, पानीको मुहान क्रमशः सुक्दै गएका रहेछन्, कृषि उब्जनीमा व्यापक कमी देखियो । त्यसले महिला र बालबालिकाको जनजीवनलाई कष्टकर बनाएको छ ।'

अध्यक्ष कार्कीले यतिबेला प्रकृतिलाई समेत न्याय चाहिएको र त्यसका लागि जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय समुदायबीच हातेमालो गर्दै सरकारले काम गर्नुपर्ने सुझाव दिइन् । यही विषयलाई गम्भीरताका साथ उठाउन यही फागुन २५ गते नारी दिवसका अवसरमा साथसाथैको टोली कालापत्थर यात्रामा निस्किएको समेत उनले जानकारी दिइन् ।

नेपाल पर्यटन बोर्ड, ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल...(टान), नेपाल टेलिकम, दूरसञ्चार प्राधिकरण, ट्रष्ट माइक्रो इन्स्युरेन्ससहितको सहकार्यमा सुरु कालापत्थर पदयात्रा मार्च ८ तारिख टुंगिने आयोजक संस्थाका अध्यक्ष कार्कीले जानकारी दिइन् । केही महिनाअघि मात्रै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस जलवायु परिवर्तनको असर प्रत्यक्ष अवलोकलन गर्न भन्दै स्याङ्बोचेमा आएका थिए ।

## हिमपातका कारण उपल्लो मुस्ताङमा यातायात ठप्प

**म्याग्दी**– आइतबार बिहानदेखि परेको हिमपातका कारण मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा यातायात सेवा ठप्प भएको छ । बेनी-जोमसोम-कोरला सडकको समरदेखि माथिल्लो क्षेत्रका सडकमा हिउँ जमेपछि यातायात सेवा अवरुद्ध बनेको नेचुङस्थित सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बिओपी)का प्रमुख भीमबहादुर क्षेत्रीले जानकारी दिए ।

हिमपातपछि स्थानीय र पर्यटकको आवतजावत रोकिएको छ । चिसो बढेको छ । सर्वसाधारण घरबाहिर निस्कन सकेका छैनन् । घरभित्रै आगो तापेर बसेका छन् । खोला, धारामा पानी जमेको छ । डाँडापाखा सेताम्मे हिउँले छोपिएको छ । सडक, भवन, पुल, खानेपानी, सिँचाइलगायत विकास आयोजना निर्माण रोकिएको छ ।

बिहानदेखि उपल्लो मुस्ताङमा अवरुद्ध बनेको विद्युत् र सञ्चार सेवा अपराह्नदेखि सञ्चालन भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्बु गुरुङले बताए । चौंरी, च्यांगा, गाईलगायत घरपालुवा पशुलाई गोठमै राखिएको छ ।

हिन्दू तथा वौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथ क्षेत्रमा पनि हिउँ जमेको छ । जोमसोम-कागबेनी-मुक्तिनाथ सडकमा यातायात सेवा सडकमा हिउँ जमेका कारण प्रभावित बनेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रमुख प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले बताए ।

हिमपात र वर्षाले हिउँदे तथा हिमाली फलफूल खेतीलाई फाइदा गरेको छ । हिउँले जमिनमा राखेको मल भिजाउन, सिँचाइका साथै स्याउ, ओखरको परागशेचन प्रक्रियाका लागि चिसो वातावरण बनाउन सहयोग गर्ने कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताए ।

'स्याउको परागशेचनका लागि एक हजार पाँच सय घण्टा सात डिग्रीभन्दा कम तापक्रम आवश्यक पर्छ,' उनले भने, 'हिउँले सुक्खा भएको जमिनलाई भिजाउने र खेतबारीमा राखेको मलको पौष्टिक तत्व बिरुवाले उपभोग गर्न सहज हुन्छ ।' *रासस*

## मुस्ताङमा वैकल्पिक पदमार्ग पहिचान

**म्याग्दी (प्रस)**– पर्यटक आगमन बढाउने र बसाइ लम्ब्याउन मुस्ताङमा नयाँ पदमार्गको पहिचान गरिएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले सडकका कारण विस्थापित भएका पदमार्गको विकल्पमा नयाँ पदमार्ग पहिचान भएको हो । एक्याप जोमसोमका रेञ्जर सञ्जोक थकालीले तीन नयाँ पदमार्ग पहिचान गरिएको जानकारी दिए ।

लुप्रा-मुक्तिनाथ, ठिनी-तिलिचोताल र कोखेठाटी-सिरकुङ-सौरु-चोखोपानी-चिमाङ-धुम्बाताल जोड्ने पदमार्ग पहिचान गरेर पूर्वाधार निर्माण, प्रचारप्रसार र प्रवर्द्धन थालिएको उनले बताए । 'स्थानीयवासीले आवतजावतका लागि प्रयोग गरिरहेको घोरेटो बाटोलाई पदमार्गको रूपमा प्रयोग गर्न संकेत चिह्न, सूचनापाटी राख्ने काम गरिएको छ,' उनले भने, 'केही ठाउँमा व्यवस्थित पदमार्ग बनाउन आवश्यक देखिएकाले योजना प्रस्ताव गरेर बजेट माग गरेका छौं ।'

पुरानो पदमार्ग बेनी-जोमसोम र जोमसोम-कागबेनी-मुक्तिनाथ सडकका कारण विस्थापित भएको छ । धुलो र धुँवाले सडकमा यात्रा गर्न समस्या भएपछि पर्यटकले प्रकृतिमा रमाउन पाउने पदमार्गको माग गरेका छन् । पथप्रदर्शकसमेत रहेका मुस्ताङको लेतेका हरि नेपालीले मुस्ताङमा सडक बनेपछि स्वदेशी र भारतीय पर्यटक आगमन बढे पनि पैदलयात्रा गर्ने तेस्रो देशका पर्यटकको संख्या घटेको बताए । पदमार्ग मासिएको र यात्रा अवधि छोटिँदा धेरै राजस्व तिर्ने र खर्च गर्ने क्षमता भएका तेस्रो मुलुकका पर्यटक घटेका उनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका अनुसार सन् २०२२ मा मुस्ताङ भ्रमण गर्ने तेस्रो मुलकुका पर्यटक २९.१२ प्रतिशत रहेकामा सन् २०२३ मा त्यो अनुपात घटेर १९.२० प्रतिशतमा झरेको छ । सन् २०२३ मा ९० हजार ३६५ जना पर्यटक आएकामा तेस्रो मुलुकका १८ हजार १६६ र सार्क राष्ट्रभित्रका पर्यटक ७२ हजार १९० जना छन् । सन् २०२२ मा ६५ हजार ९४० जना पर्यटकले मुस्ताङ घुमेकामा सार्कका ४६ हजार ७२४ जना र तेस्रो मुलुकका १८ हजार १६६ जना रहेका एक्याप जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले बताए ।

गण्डकी प्रदेशको लमजुङ, कास्की, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लामा समेटिएको एक्याप क्षेत्रको भ्रमण गर्न सार्क मुलकका्लाई प्रतिव्यक्ति एक हजार रूपैयाँ र तेस्रो मुलुककालाई प्रतिव्यक्ति तीन हजार रूपैयाँ शुल्क तोकिएको छ ।


## गढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
औराबरी, सुनसरी, नेपाल

### जनहितमा जारी सन्देश

### उद्योग तथा व्यवसायका लागि

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरू विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

# दक्षिण एसियाली मुलुकभन्दा नेपालमा बहिरोपनको समस्या धेरै

**काठमाडौं–** दक्षिण एसियाली मुलुकभन्दा नेपाल सबैभन्दा बढी बहिरोपन (कान सुन्ने क्षमता कम)को समस्यामा रहेको पाइएको छ । विश्व श्रवण दिवसको अवसरमा आइतबार यहाँ सोसाइटी अफ ओटोलारिंगोलोजिस्ट्स् अफ नेपाल (सोल नेपाल) ले आयोजना गरेको कार्यक्रममा वीर अस्पतालका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ प्रा.डा. दीपेन्द्र श्रेष्ठले दक्षिण एसियाली मुलुकमा सबैभन्दा बढी नेपालमा बहिरोपनको समस्या रहेको बताए ।

'नेपाल दक्षिण एसियामै सबैभन्दा बढी बहिरोपन समस्या भएको देश हो,' उनले भने, 'भुटान र अफगानिस्तानभन्दा पनि हामीमा बहिरोपनको समस्या धेरै छ ।' डा. श्रेष्ठका अनुसार नेपालमा करिब १५.५ प्रतिशत मानिसमा बहिरोपनको समस्या छ । पैंतिस डेसिवलभन्दा कम सुन्ने मानिसलाई बहिरोपन भएको भनिन्छ । नेपालमा हुने अपांगतामध्ये सबैभन्दा बढी बहिरोपनका रहेका उनको भनाइ छ । विश्वमा करिब ४६ करोड मानिस बहिरोपनको समस्यामा छन् ।

### बहिरोपन हुनुका कारण

गर्भमा रहेको बेला आमालाई कुनै कडा खालको रोग लाग्नु, जन्मदा कम तौलको बच्चा जन्मनु वा जन्मदा नरुने बच्चामा बहिरोपनको समस्या देखापर्ने चिकित्सक बताउँछन् । समय नपुगेर जन्मिएका बच्चामा, जन्मिदा कमलपित्त भएका वा जन्मिदै बहिरोपनको समस्या पनि देखिने वीर अस्पतालका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ प्रा.डा. श्रेष्ठले बताए ।

बच्चालाई जन्मिदै सघन उपचार कक्ष (आइसियू) वा भेन्टिलेटरमा राखेर कुनै उपचार गर्नुपरेमा कान पाक्ने, कानको जालीमा पानी जम्ने वा पिप आउनेलगायत समस्या आउने सम्भावना भएर बहिरोपन हुन सक्ने उनको भनाइ छ । क्यान्सर, क्षयरोगको औषधि प्रयोग गर्दा पनि कानमा असर गर्दछ । ती औषधि खाँदा पनि कान सुन्ने क्षमता ह्रास आउँछ ।

अहिले ध्वनी प्रदूषणको कारणले पनि बहिरोपनको समस्या हुने गरेको त्रिवि शिक्षण अस्पतालका वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ डा. योगेश न्यौपानेले बताए । उनले कानमा प्रयोग गरिने एयरफोन श्रवण शक्तिका लागि धेरै घातक रहेको बताए ।

ठूलोठूलो आवाजमा काम गर्ने, लामो समयसम्म गीत ठूलो आवाजमा सुन्ने, धेरै समयसम्म कानमा इयरफोन राख्ने, मोबाइलमा धेरैबेर कुरा गर्नेलगायत कारणले पनि बहिरोपनको समस्या हुने गरेको छ । वरिष्ठ नाक, नाक, घाँटी रोग विशेषज्ञ प्रा.डा. श्रेष्ठले सन् २०१८ मा गरिएको अध्ययनमा धेरै हल्ला हुने ठाउँ कलंकी, रत्नपार्कमा बहिरोपनको समस्या देखिएको बताए । ती ठाउँमा लामो समयसम्म बस्ने मानिसमा बहिरोपनको समस्या देखिएको थियो ।

### बहिरोपनबाट बच्ने उपाय

'कुनै पनि संक्रमणबाट कानलाई बचाउनुपर्दछ । कान पाकिहाले नजिकैको चिकित्सकसँग सल्लाह लिनुपर्दछ । .कानलाई चोटपटकबाट बचाउनुपर्छ । कान कोटचाउँदा कानको जालीमा असर पर्छ र जाली फुटने सम्भावना हुन्छ । त्यसैले कान कोटचाउनु हुँदैन भन्ने कुरा जनमानसमा सिकाउनुपर्छ,' डा. न्यौपानेले भने ।

बच्चामा सुनाइसम्बन्धी शंका लागेमा नजिकैको चिकित्सकको सल्लाह लिनुपर्ने उनले सुझाव दिए । कानमा तेल अथवा अरू कुनै पनि झोल पदार्थ हाल्न नहुने, गर्भवती भएको पहिलो तीन महिनासम्म आफूखुसी औषधिको सेवन गर्न नहुने र गर्नेपरेमा चिकित्सकको सल्लाह लिनुपर्ने, गर्भवती आमाले जाँडरक्सी र चुरोट सेवन नगर्नेलगायत उपाय अपनाउँदा बच्चामा कानसम्बन्धी समस्याको जोखिम कम हुने उनले बताए ।

सर्वसाधारणको जमघट हुने स्थानमा चर्को ध्वनी उत्पन्न हुने उपकरणको प्रयोग नगर्ने, गाडीको हर्न निषेध गरिएका ठाउँमा चर्को हर्न नबजाउने, मोबाइल वा हेडफोन धेरै समयसम्म प्रयोग नगर्ने, कलकारखानामा काम गर्ने व्यक्तिले इएर प्लगको प्रयोग गरी कानलाई चर्को ध्वनीबाट बचाउनेलगायत उपाय अपनाउन सकिने चिकित्सकको भनाइ छ । *रासस*

# 'लुम्बिनी गुरूयोजना' बाहिरको सुरक्षा व्यवस्थापन गर्न माग

**लुम्बिनी (प्रस)–** बुद्धजन्मस्थल लुम्बिनीको सुरक्षा व्यवस्थापन थप प्रभावकारी बनाउन माग गरिएको छ । विकास कोषका पदाधिकारीसहितको टोलीले आइतबार यहाँ उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसँगको भेटमा कोषको गुरुयोजना बाहिरको सुरक्षा व्यवस्थापनको जिम्मेवारीका विषयमा छलफल गरेको हो ।

कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनीको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरी गुरुयोजना क्षेत्रबाहिरको सुरक्षा सशस्त्र प्रहरीमार्फत व्यवस्थापन गर्न माग गरे । यसअघि कोषको बैठकले सशस्त्र प्रहरीको स्थायी बेस क्याम्प स्थापनाको निर्णय गरी गृहमन्त्रालयमा फाइल पठाएको बताउँदै उनले यसबारे थप पहलका लागि ध्यानाकर्षण गराए ।

छलफलमा गृहमन्त्री श्रेष्ठले सशस्त्रको स्थायी बेस क्याम्प स्थापनाका लागि पहल गर्ने प्रतिबद्धता जनाए । उनले विकास कोषको कामका सन्दर्भमा यसको व्यवस्थापन र विकासका लागि सम्बन्धित मन्त्रालयमा थप पहल गर्ने बताए । छलफलमा उपाध्यक्ष डा. लामाले गुरुयोजना कार्यान्वयन, बृहत्तर लुम्बिनी क्षेत्रको विकासका सन्दर्भमा संघीय सरकारबाट सहयोगको अपेक्षा राखेको बताए । छलफलमा कोषाध्यक्ष ढुण्डिराज भट्टराईले आन्तरिक आम्दानीबाट खर्च गरिँदै आएको बताउँदै बजेटमा प्राथमिकता दिन आग्रह गरे ।

कोषका सदस्यसचिव सानुराजा शाक्यले लुम्बिनी विकास क्षेत्र संवेदनशील भएकाले यहाँको सुरक्षा संयन्त्रलाई बलियो बनाउनुपर्नेमा जोड दिए । उनले लुम्बिनी बाहिरको सुरक्षा सशस्त्र प्रहरीले गर्नुपर्ने भन्दै अहिले अस्थायी क्याम्प भएकाले यसलाई स्थायी बनाउन अनुरोध गरे ।

**Vacancy Announcement**

One of the Reputed Recruitment Manpower Agency is seeking for following applicants.

Documentation : 2 (Female)
Receptionist : 1 (Female)

SALARY Negotiable

Requirements:
Minimum 2 years of experience in manpower field.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV at info.sshumanresource@gmail.com*

श्रम इजाजत पत्र नं. १२३८/०७३/०७४

**S.& S. Human Resource Pvt.Ltd.**
Mahalaxmisthan- 15, Lalitpur, Nepal.
Tel.: +977-01-5523287. Mobile No: 9841234440.
Website: www.sandshumanresource.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJID AWAD MOHAMMED AL OTAIBI OPERATION AND MAINTENANCE ESTABLISHMENT

पुर्व स्वीकृति मिति २०८०/११/२० LT. No. 301024 चलानी नं. ६०२१५९००

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office and Facility Cleaning Worker | 20 | 0 | 1000 | ३५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४००/०७४/०७५

**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ITALIAN FACTORY FOR GYPSUM CELILINGS

पूर्व स्वीकृति मिति २०८०/११/२० LT. No.300945 चलानी नं. ६०२१५८६७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Mechanical | 50 | 0 | 200 | ८६,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।
| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
श्रम ईजाजत न .७९७/०६५/०६६

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARWAN ENTERPRISE LT

पुर्व स्वीकृति मिति २०८०/११/२० LT. No. :300915 चलानी नं. ६०२१५८९०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | MUR | ने.रू. | | | | | | | |
| 1 | Carpenter Grade II | 15 | 0 | 16665 | ४८,११० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason Grade II | 35 | 0 | 16665 | ४८,११० | | | | | | | |
| 3 | Steel fixer grade II | 15 | 0 | 16665 | ४८,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।
| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARTERIAL RESOURCES SDN. BHD.

पूर्व स्वीकृति मिति २०८०/०३/२८ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/२० LT. No. 289252 चलानी नं. ६०२०४४७८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 89 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : A-MASTER ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/०३ पुन विज्ञापन स्वीकृति मिति: २०८०/११/२० LT. No. 279608 चलानी नं. ६०१९५१४४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 14 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।
| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
MINAWA
Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ECOPENEER SDN BHD

पूर्व स्वीकृति मिति:२०८०/०४/२२ पुन विज्ञापन स्वीकृति मिति:२०८०/११/२० चलानी नं.६०२०५८१२ LT. No.290561

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।
| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4589384,
Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RASHID BIN BISHR CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८०/११/१८ LT. No. 300851 चलानी नं. ६०२१५८८९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Carpenter | 10 | 0 | 1200 | ४३,१९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Helper | 20 | 0 | 900 | ३२,३९० | | | | | | | |
| 3 | Mason | 10 | 0 | 1200 | ४३,१९० | | | | | | | |
| 4 | Steel Fixer | 10 | 0 | 1200 | ४३,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।
| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |
कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड**
PRABHU CABLE CAR & TOURISM LIMITED
काठमाडौं महानगरपालिका वडा नं. ३२, तिनकुनेको

## संस्थापकशेयरमा हकदावी सम्बन्धी ४५ दिने सूचना

प्रकाशित मिति फाल्गुण २१, २०८०

यस कम्पनीको संस्थापक शेयरधनीज्यूहरुले कम्पनीको जगेडामा रहेको शेयर थप लिनेभए यो सूचना प्रकाशित भएको मितिले ४५ कार्य दिन भित्र कम्पनीको प्रभु बैंक लि. कोटेश्वर शाखा (B) को खाता नं.११५०१५३५६२१०००१५ मा प्रति शेयर कम्पनी व्यवस्थापन शुल्क रु १५/- थप गरि आफूले लिन चाहेको शेयर बापतको रकम दाखिला गर्न अनुरोध गरिएको छ। सो समय भित्र रकम जम्मा गरि दावी नगर्नु भएमा कम्पनीले मिति बैशाख २५, २०८१ पछि उक्त मितिसम्म कायम रहनुभएका सबै शेयरधनीज्यूहरुले जगेडामा रहेको शेयर खरिद गर्दा प्रति शेयर कम्पनी व्यवस्थापन शुल्क बापत रु २५/- थप कायम गरि लिई जगेडाको शेयर हस्तान्तरण गरि कम्पनीको शेयर लगत बन्द गर्ने व्यहोरा सम्पूर्ण शेयरधनीज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संचालक समिति
प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड
का.म.न.पा वडा नं.३२ तिनकुने, काठमाडौं ।
फोन नं. ०१-५९०४९६१/०१-५९०४९६४
www.prabhucablecar.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL RAHMAN BIN JASSIM AL THANI & SONS CO. CONTRACTIN TRADING

पूर्व स्वीकृति मिति २०८०/१०/०५ पुन विज्ञापन स्वीकृति मिति:२०८०/११/२० LT. No. 298455 चलानी नं. ६०२१३४२४

| S. N. | Contract Id No. | Project Name | Bid Validity Period/Security period from the last date of submission | Estimated Amount (Inclusive VAT& P.S.) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 02/PSRMUN/NCB/WORKS/2080/081 | Rangpur Krishi Bazar Nirman Tatha Sanchalan, Ward no 2 | 90/120 days | 10,910,342.26 | 275,000.00 | 3000.00 | |

Further Information's to bidder:

| | |
|---|---|
| Deadline for Bid Submission : | 2080/12/21 ( 03/04/2024) till 12:00 Noon |
| Date, Time & Place of Bid Opening | 2080/12/21 (03/04/2024) 1:00 pm at Paterwa Sugauli Rural Municipality |
| Account No. for Bid Document Purchase: | Name of Bank :- Sanima Bank, Paterwa Sugauli-Parsa<br>Name of Office :- Paterwa Sugauli Ga. Pa. Aantrik Rajaswa khata Ga 1.1<br>Office Account no : 064010040000008 |
| Account No. for Bid Security Deposit: | Name of Bank :- Sanima Bank, Paterwa Sugauli-Parsa<br>Name of Office :- Paterwa Sugauli Ga.Pa. Dharauti Khata Ga-3<br>Office Account no : 064010020000005 |

2. Eligible Bidders may obtain further information and inspect the bids Documents at the Paterwa Sugauli Rural Municipality Office, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp**
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to Submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instruction to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

भरतपुर भ्रमण वर्ष

# आर्थिक विकासका विषयमा राजनीतिक सहमति



■ नारायण अधिकारी

**चितवन-** भरतपुर भ्रमण वर्ष आयोजना गर्ने चर्चा चलिरहँदा धेरैले यसलाई हाँसोको विषय बनाएका थिए । कतिपयले भरतपुर नगर प्रमुख रेनु दाहालको व्यक्तिगत कार्यक्रमका रूपमा पनि व्याख्या गरे । जब उद्घाटनको दिन भरतपुरका टोलटोलबाट स्वतःस्फूर्त रूपमा नगरका सर्वसाधारण कार्यक्रममा ओइरिए यो कार्यक्रम जनताबाट अनुमोदित भयो । यतिमात्रै होइन देशका प्रमुख दलका शीर्ष नेताहरू उद्घाटन समारोहमा सहभागी भएर आर्थिक उन्नयनको विषयलाई राजनीतिक रूपमा पनि अनुमोदन गरे ।

सरकार र विपक्षमा रहेका प्रमुख दलका नेताहरू एउटै मञ्चमा उभिएर आकाशमा सँगै बेलुन उडाएर सार्वजनिक सरोकारका विषयमा हामीसँगसँगै छौं भन्ने सन्देश प्रवाह गरेका छन् । एउटै मञ्चमा बसेर नेताहरूले राजनीतिलाई परै राखेर आर्थिक उन्नयनका मुद्दालाई केन्द्रमा राखेर सम्बोधन गर्नु महोत्सवको अर्को महत्त्वपूर्ण पाटो बन्यो । सबै नेताहरूको सम्बोधनको मुख्य विषय पर्यटन क्षेत्रको विकास र यहाँका पर्यटकीय स्थलहरूको संरक्षण गरेर आर्थिक उपार्जनको बाटोमा लाग्न अभिप्रेरित गर्नु महत्त्वपूर्ण थियो । भरतपुर महानगरपालिकाले आयोजना गरेको 'भरतपुर भ्रमण वर्ष २०२४' केवल भरतपुरको मात्रै रहेन यो देशकै पर्यटक वर्षजस्तो बन्यो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाल कम्युनिस्ट पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलगायत शीर्ष नेताहरूको उपस्थितिमा भएको महोत्सव उद्घाटन समारोह सभ्य एवं भव्य रह्यो । प्रदेश प्रमुखहरू, मुख्यमन्त्री, संघीय र प्रदेश सरकारका मन्त्री, विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुख, विदेशी पालिकाका प्रमुखसमेतको उपस्थिति रहेको कार्यक्रमबाट चितवनबासी उत्साहित भए । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल, उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाललगायत निजी क्षेत्रका उद्योग-व्यापार संस्थाका शीर्ष नेतृत्वले आर्थिक विकास र रोजगारी सृजनाका निम्ति कम्मर कसेर काम गर्न आफ्ना सहयोद्धाहरूलाई गरेका थिए ।

भरतपुरका विभिन्न भागबाट नारायणी किनारमा प्रस्तुत झाँकीले आफैंमा विविधतामा एकताको सन्देश प्रवाह गरिरहेका थिए । आ-आफ्नै कला, संस्कृति झल्किने झाँकी टोलटोलबाट निस्केर नारायणी किनार पुगेका थिए । विविध झाँकीका दृश्यले लाग्थ्यो भरतपुरका प्रत्येक घरमा चाडपर्व मनाइरहेका छन् । भरतपुरका टोलटोल फूलका गमलाले सजिएका थिए ।

नेकपा एमालेका नेता विजय सुवेदी भरतपुरको यो कार्यक्रमको सहभागितालाई ऐतिहासिक भएको बताउँछन् । महानगरप्रमुख पदका प्रत्यासी रहेका सुवेदीले सबैले महानगरको समृद्धिका लागि हातेमालो गरेको बताए । उनले भने, 'दल विशेष नभनी यहाँको आर्थिक विकासका लागि सबै एक ठाउँमा उभिएको पाइयो ।' पक्ष-विपक्षी सबै शीर्ष नेता यही आएपछि भरतपुरबासीले यसलाई साझा कार्यक्रम बनाएको उनी बताउँछन् । महानगरपालिकाले स्थानीयदेखि केन्द्रसम्म समन्वय गरेर भ्रमण वर्षका माध्यमबाट सकारात्मक सन्देश प्रवाह गरेको उनको ठम्याइ छ ।

नेपाली कांग्रेसका नेता प्रा.डा.सूर्यकान्त घिमिरे उद्घाटन सत्रको उपस्थितिले नयाँ सन्देश प्रवाह गरेको बताउँछन् । सबै दलका नेता तथा कार्यकर्ता एक ठाउँमा उभिएर महानगरको यो अभियानलाई साथ दिएको भन्दै उनले अबका दिनमा महानगरप्रति पनि थप जिम्मेवारी थपिएको बताए । उनले भने, 'भरतपुरका अधुरा काम जतिसक्दो छिटो सम्पन्न गरेर 'भरतपुर राम्रो बनेको छ' भन्ने सन्देश दिनुपर्छ ।'

आर्थिक मन्दीको समयमा सर्वसाधारणको उपस्थितिले अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुगेको भन्दै उनले महानगरको उद्देश्य पूर्ति भएको बताए । भ्रमण वर्षका सन्दर्भमा आयोजना गरिने आगामी कार्यक्रम थप प्रभावकारी बनाउनुपर्नेमा उनले सुझाव दिए ।

नेपालका कम्युनिस्ट पार्टी माओवादी केन्द्रका नेता तथा वरिष्ठ चिकित्सक भोजराज अधिकारी पालिकास्तरको कार्यक्रम भए पनि राष्ट्रिय गौरवको उचाई राख्ने कार्यक्रम बनेको बताउँछन् । उनले भने, 'असल योजना नै ५० प्रतिशत सफल हो, यो कार्यक्रम ५० प्रतिशत सफल भइसकेको छ । अब बाँकी काम गरेर भ्रमण वर्षलाई सफल बनाउनुपर्छ ।'

महानगरपालिकाको समन्वयकारी भूमिका अत्यन्त महत्त्वपूर्ण भएको भन्दै उनले सबै तह र तप्कालाई जोड्न सक्ने खुबी नेतृत्वमा हुनुले पनि कार्यक्रम सफल भएको बताए । महानगरप्रमुख दाहालको प्रशंसा गर्दै उनले आउँदो दिनमा बन्ने नेतृत्व र देशका अन्य पालिकाका नेतृत्वहरूका लागि पनि उदाहरणीय काम भएको बताए ।

यो कार्यक्रमले देशमात्रै होइन, विदेशसम्म पनि सकारात्मक सन्देश प्रवाह गरेको छ । कार्यक्रममा युरोपेली मुलुक माल्टाका प्रतिनिधिको उपस्थितिले अन्तर्राष्ट्रिय जगत्मा पनि चितवनको पर्यटन विकासमा सकारात्मक सन्देश प्रवाह भएको छ ।

कोरोना महामारी र आर्थिक मन्दीले सुस्ताएको पर्यटन क्षेत्रलाई चलायमान बनाउन आयोजना गरिएको भ्रमण वर्षले सकारात्मक परिणाम दिनेमा आम भरतपुरवासी विश्वस्त छन् । भरतपुर भ्रमण वर्ष भनिए पनि यसको प्रत्यक्ष लाभ चितवन र छिमेकी जिल्लाका पर्यटकीय क्षेत्रमा पर्नेछ । राजनीतिक नेतृत्व राजनीतिक मतभेद भए पनि देश विकासका आर्थिक योजना र राष्ट्रिय महत्त्वका काममा सहकार्य गर्न तत्पर छन् भन्ने सन्देश प्रवाह गर्न भरतपुर भ्रमण वर्षको उद्घाटनसत्र सफल भएको छ । *रासस*


## ZERO FEE RECRUITMENT FOR MALAYSIA

**शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर**

**Free Visa! Free Ticket ! Free Passport ! Free Medical Checkup ! Free Visa Processing! No Recruitment Fee ! Free Food, accomodation &Transportation From Pre-Interview To Deployment.**

नि : शुल्क भिसा, नि: शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, नि:शुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म नि:शुल्क यातायात, आवास र खाना

**COMPANY: ENCOMPASS INDUSTRIES SDN BHD**
**कम्पनी : इन्कम्पास इन्डस्ट्रीज एसडीयन. बीएचडी.**

पूर्व स्वीकृति मिति : २०८०/१०/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२० LT. No. 298135 एल टि न. २९८१३५ Invoice No. 60213146 चलानी नं. ६०२१३१४६

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट RM | मासिक तलब: Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker | १४९ 149 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,८८० 42,880 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

- Pre-selected candidates are only allegeable for final interview, Selected candidates will only process for further processing.
पूर्व-छनोट भएका उमेद्वार मात्र अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन् । साथै छनोट भएका उमेद्वारहरुको मात्र बाँकी पक्रिया अगाडि बढाइनेछ ।
- Nepal's government has implemented a strict rule banning the use of intermediaries or middlemen. Therefore, our recruitment procedure clearly prohibids the engagement of any intermediaries or middlemen.
नेपाल सरकारले कुनै पनि विचौलीया वा मध्यस्थकर्तालको प्रयोग कानूनी रुपले वन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलीया वा मध्यस्थकर्तालाई पूर्ण रुपमा निषेध गरिएको छ ।
- Candidates are required to submit their job applications directly to Mass Human without utilizing any intermediaries. Neither applicants nor their relatives or family members are compelled to pay any recruitment fees, bonds, deposits, or offer gifts for securing employment.
आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न अनुरोध गदर्छौं । आवेदक, आवेदकको परीवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनैपनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि बाध्य पारिने छैन ।
- We highly recommend that all applicants thoroughly review and comprehend the details regarding our commitment to Zero Fee Ethical Recruitment in connection to the available positions. The relevant information is accessible at the Mass Human office premises, conveyed through materials such as flex, banners and notices.
यस मास ह्यूमन रिसोर्स प्रा.ली.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागि गरिएको प्रतिवद्धता सम्बन्धी जानकारी मूलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हप्ताभित्र फ्लेक्स, ब्यानर तथा सूचना मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनुहुन अनुरोध गदर्छौं ।
- Mass Human Resource Pvt. Ltd always follow recruitment procedures which are intentionally structured to ensure fairness and transparency with Zero tolerance specifically pertaining to our "NoRecruitment Fee" policy.
मास ह्यूमन प्रा.लि ''शून्य भर्ती शूल्क'' सम्बन्धी सून्य सहनशिलताको साथ निष्पजता र पारदर्शिता सुनिश्चित गर्ने संस्था भएकाले सम्पूर्ण भर्ती प्रक्रियाको पूर्ण पालना गर्दछ ।
- If you encounter any instances of corruption, misconduct, financial demands, or coercion into illegal activities, please do not hesitate to contact us directly, to our hotline number at +977-9851164025 or send an email to grievance.massmngt@gmail.com. Your concerns will be addressed promptly and confidentially.
हामी कुनै पनि प्रकारको भ्रष्टाचार/दुराचार प्रति शून्य सहनशिलता राख्छौं । यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा हाम्रा सबै मूल्यवान सरोकारवालाहरुलाई हाम्रो हटलाइन नम्बर +९७७-९८५११६४०२५ वा इमेल grievance.massmngt@gmail.com. मार्फत सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईको गोपनियत कायम राख्नेछौं ।

**Interview will be conducted on 8/9 Mar, 2024 in Office Premises.**
**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २५/२६ गते हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीबन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

An ISO 9001:2015 CERTIFIED COMPANY

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765
Govt. License 938/067/068


**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
**Dhangadhi, Kailali**

## Issuance of Letter of Intent to Award the Contract

**Date of Publication: 2080/11/22**

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2080-10-05 & 2080-10-17 in Janasawal National Daily Newspaper for execution of the work as specified below as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Contract ID No. | Description of Works | Lowest Evaluated Bidder | Evaluated Bid Amount Including VAT & PS (Nrs.) |
|---|---|---|---|---|
| 1 | 01/2080/081/WSP/ FWSSMP/Kailali | Construction of Gairagaun Kandamandau Silgahdi Water Supply Project, Doti | D.D.L-B.N.S-P.N.S JV, Kanchanpur | 2,06,32,982.01 |

**Project Chief**

# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति:- २०८०।११।२१

यस उप-महानगरपालिकाको तपसिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएका तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का विवरण | छनौट भएको निर्माण व्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु) |
|---|---|---|---|
| १. | Blacktop Road Construction Work Nepalgunj 13 Banke, (Contract ID: NSMC/NCB/W12/080-081) | श्री अम्बे कन्स्ट्रक्सन, घोराही दाङ्ग | रु.३६,६७,०९०।०० (भ्याट र पि.एस. बाहेक) |

**प्रमुख प्रशासकीय अधिकृत**

**Punarbas Municipality**
**Office Of The Municipal Executive**
**Sudurpaschim Province, Kanchanpur**

## Invitation for Sealed Quotation

**Contract Identification No: PUN/MUN/080/81- 10,11,12,13,14,15,16**
**Date of publication: 4th March, 2024 (2080/11/21)**

1. Punarbas Municipality Office invites Sealed Quotation from eligible bidders for the Construction work of as mentioned in table below under bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Punarbas Municipality, Office of The Municipal Executive, Punarbas, Kanchanpur and visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| SN | Contract ID | Description | Estimated amount (with VAT & PS) | Bid Security | Bid Validity Period | Price for Tender document |
|---|---|---|---|---|---|---|
| 1 | PUN/MUN/ 080/81- 10 | Maintenance of Hulaki Raod Kisan Chand Furniture to Dhakka Bhuiya Temple Bhakunda Road Ward no-01,Punarbas, Kanchanpur. | 1314637.28 | 33,000/- | 75 days | 1000/- |
| 2 | PUN/MUN/ 080/81- 11 | Maintenance of Road Near Bal Bdr Tamang Chock to North And West to Main Road Ward no-02,Punarbas Kanchanpur. | 1150597.62 | 29,000/- | 75 days | 1000/- |
| 3 | PUN/MUN/ 080/81- 12 | Maintenance of Road Near Dipak Subedi House to South Dhaniram Regmis Plot-Jananagaran Tole Road Punarbas-08,Kanchanpur. | 1314637.28 | 33,000/- | 75 days | 1000/- |
| 4 | PUN/MUN/ 080/81- 13 | Maintenance of Road Near Dev Bdr Sauds House to East & South of Kohalpur Chock Road Ward no-09, Kanchanpur. | 1150597.62 | 29,000/- | 75 days | 1000/- |
| 5 | PUN/MUN/ 080/81- 14 | Maintenance of Road Near Biru Khatis House to East Haliya Mukti Basti to Ward Office Road Ward no-09, Kanchanpur. | 1724736.43 | 45,000/- | 75 days | 1000/- |
| 6 | PUN/MUN/ 080/81- 15 | Maintenance of Road Near South of The Puran Bist House to left and Right of Health Post Road Ward no-09, Punarbas, kanchanpur. | 1314637.28 | 33,000/- | 75 days | 1000/- |
| 7 | PUN/MUN/ 080/81- 16 | Maintenance of Tile factory to Bhimbasti Road Ward no-11, Punarbas, Kanchanpur. | 1436579.21 | 36,000/- | 75 days | 1000/- |

**Chief Administrative Officer**

# संरक्षणको प्रतीक्षामा पुरैनी ताल

**कञ्चनपुर–** बेलौरी नगरपालिका-६ भुराकोटस्थित पुरैनी काललाई यहाँ स्थानीयले चराको स्वर्ग भन्ने गरेका छन् । ताल क्षेत्रमा सूर्योदय र सूर्यास्तका बेला चरा आकाशमा विभिन्न आकार बनाउँदै उड्दै गरेको दृश्य निकै मनमोहक हुन्छ ।

ताल वरिपरिको सीमसार क्षेत्रमा आहार खोज्दै गरेका बथानका बथान चरा अवलोकनसँगै मोबाइलमा सेल्फी खिच्नेहरू पनि ताल क्षेत्रमा पुग्ने गर्दछन् । तालमा डुबुल्की मार्दै आहारा खोज्दै गरेका चराको गतिविधि हेर्न लायक हुने गरेको छ । चराको अनुसन्धान गर्नेहरूका लागि यो तालले विशेष महत्त्व राख्दछ । ताल २९ बिघा क्षेत्रफलमा फैलिएको छ ।

ताल क्षेत्रमा आगन्तुक चराहरू उत्तरी ध्रुवमा चिसो बढ्दै गएपछि घण्टाको उडान गरी हिमाल छिचोल्दै पुग्ने गर्दछन् । कात्तिक महिनादेखि नै प्रवासी चराको ताल क्षेत्रमा चहलपहल सुरु हुने गरेको स्थानीय बासिन्दा वीरबहादुर रावलले बताए ।

'तालमा धेरै चराका प्रजाति पुसदेखि देखापर्ने गर्दछन्,' उनले भने, 'गर्मी हुने क्रमसँगै वैशाखदेखि प्रवासी चरा ताल छाडेर पुरानै बासस्थानमा फर्कने गर्दछन् ।' दशकअघि तालमा पानी बढी हुने हुँदा चराको संख्या पनि बढी हुने गरेको उल्लेख गर्दै उनले हाल तालमा पानी कम हुने भएकाले चरा पनि कमै देखिने गरेको बताए ।

तालमा कुर्मा, बतख र गरुड प्रजातिका चरा बढी देखिने गरेको उनको भनाइ छ । उनका अनुसार ती चरासँगसँगै ताल क्षेत्रमा प्रवासी सिकारी चराको उपस्थिति पनि बाक्लो हुने गरेको छ । गर्मी सुरु भएपछि प्रवासी चरा फर्केर जाने गरे पनि रैथाने प्रजातिका चरा भने ताल क्षेत्रको सीमसार क्षेत्रमा वर्षभरि नै देखिने गरेको उनले बताए । पहिला आउने ठूला शरीर भएका चरा भने केही वर्षदेखि आएको नदेखिएको रावलले उल्लेख गरे ।

चराविज्ञ हिरूलाल डगौराका अनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सिकारी तालपछि सबैभन्दा बढी प्रजातिका प्रवासी चरा पुरैनी तालमा देखिने गरेका छन् । 'यो ताल चराको स्वर्ग नै हो,' उनले भने, 'संरक्षित क्षेत्र बाहिरको सबैभन्दा बढी चरा यहाँ पाइने गरेका छन् ।' यस वर्षको जलपक्षी गणनाका क्रममा तालमा ५५ प्रजातिका चरा देखापरेको उनले जानकारी दिए । चराको नयाँ प्रजातिमा यस वर्ष ताल क्षेत्रमा लाल टाउके गरुड देखापरेको उनले जानकरी दिए ।

संकटापन्न सूचीमा रहेका मालक र नक्टा हाँसको संख्या ताल क्षेत्रमा सन्तोषजनक रहेको चराविज्ञ डगौरा बताउँछन् । 'एकै तालमा यति धेरै चराको प्रजाति पाइनु यस क्षेत्रका लागि गर्वको कुरा हो,' उनले भने, 'यस क्षेत्रलाई चरा पर्यटन क्षेत्रका रूपमा विकास गरिनुपर्छ ।'

चरा पर्यटनलाई उच्चस्तरका रूपमा हेरिने गरिएको कुरामा जोड दिँदै उनले चरा अवलोकन गर्न आउने पर्यटक आर्थिक अवस्था राम्रो भएका हुने गरेको बताए । 'चरा हेर्नकै लागि पर्यटक तालसम्म पुग्ने गर्दछन्,' उनले भने, 'कुनैले सौखका लागि फोटो खिच्ने, कोही आत्मशान्तिका लागि चरा भएका क्षेत्रमा



घुम्नका लागि पुग्ने गर्दछन् ।'

चरा पर्यटनको विकास गरिएमा डिप्रेसनमा गएका व्यक्तिलाई फाइदा पुग्नेसँगै वैज्ञानिक अनुसन्धान गर्न सहज हुने र नयाँ प्रजातिका चरा पत्ता लगाउन सहज हुने उनको भनाइ छ । 'यसका लागि चराको बासस्थानमा खलल पुऱ्याउनु हुँदैन,' उनले भने, 'सीमसार क्षेत्रको जैविक विविधता संरक्षणमा जोड दिइनुपर्छ, तालको पानीलाई एकनास बनाइराख्नका लागि संरक्षणका कार्यक्रम सञ्चालन गरिनुपर्छ ।' तालमा क्रिडा गर्ने चरा नजिकैबाट नियाल्नका लागि अवलोकन घर निर्माण गरी पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन सकिने उनले उल्लेख गरे ।

ताल क्षेत्रको जलकुम्भी हटाएर चरा बस्नका लागि आइल्याण्ड निर्माण गर्ने कार्यसँगै समुदायस्तरमा चरा संरक्षण र बासस्थान सुरक्षाका लागि जनचेतना जगाउने कार्यमा स्थानीय सरकारले दत्तचित्त भएर लाग्नुपर्ने उनले उल्लेख गरे । घोडाघोडी चरा अभय-आरण्यपछि हरिहाँसको संख्या पुरैनी तालमा अधिक देखिएको उनले जानकारी दिए । कैलाली र कञ्चनपुरका सीमसार क्षेत्रमा रैथाने तथा प्रवासी पक्षी अवलोकनका क्रममा पुरैनी ताल पुगेका सुदूरपश्चिम प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन एकाइ धनगढीका प्रमुख डबलबहादुर बोहराले सरकारले तीनवटा सर्किटमा गुरुयोजना बनाएर कार्य अगाडि बढाइरहेको बताए ।

'कैलाली-कञ्चनपुर, पहाड र हिमाल गरी तीन सर्किटमा पर्यटकीय विकासका लागि कार्य भइरहेको छ,' उनले भने, 'पर्यटकीय विकासमा तालतलैयासँगै जैविक विविधता संरक्षण, चराचुरुंगीको बासस्थान संरक्षणलाई उच्च महत्त्व दिइएको छ ।'

चराचुरुंगी पर्यटन प्रवर्द्धनका माध्यमबाट विदेशी पर्यटकलाई आकर्षित गरी स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना गर्न सकिने उनले बताए । प्रदेशका नौवटै जिल्लामा चरा संरक्षण कार्यक्रम समावेश गरेर कार्यक्रम सञ्चालन भइरहेको उल्लेख गर्दै उनले पर्यटकीय पूर्वाधार निर्माण, बासस्थान संरक्षण, जलाधार क्षेत्र संरक्षणलगायतका कार्यक्रम अघि सारिएको बताए । 'इको टुरिज्मको मुख्य पाटो भनेकै चरा अवलोकन गर्नु नै हो,' उनले भने, 'रैथाने प्रवासी चरा-मानव सम्बन्धलाई पर्यापर्यटनसँग जोड्नु आवश्यक छ ।'

घोडाघोडी सीमसार क्षेत्र र पुरैनी सीमसार क्षेत्रका मासिँदै गएका ताल संरक्षण गर्न ताल वरिपरिको क्षेत्रमा पर्खाल निर्माण गर्ने, पर्यटकको सुविधाका लागि भ्युटावर निर्माण गर्नेलगायतका लागि आवश्यक छलफल गरी आगामी योजनामा समावेश गरिने उनले बताए । पुरैनीको पुरानो क्षेत्र यकीन गरी सीमांकन गर्नका लागि तत्कालै कार्य अगाडि बढाइने बेलौरी नगरपालिकाका प्रमुख पोतिलाल चौधरीले बताए ।

'चराको बासस्थान सुरक्षित बनाउन कार्यक्रम अगाडि बढाउँछौं,' उनले भने, 'ताल क्षेत्रमा रहेको जलकुम्भी हटाएर सफा बनाउँछौं, काललाई पुरानै प्राकृतिक अवस्थामा पुऱ्याएरै छाड्छौं ।' चराको बासस्थान भत्काउनु हुँदैन भन्नेमा सचेत रहेको उल्लेख गर्दै उनले ताल र सीमसार क्षेत्रको संरक्षणका लागि प्रदेश, संघीय सरकारसँग हातेमालो गरेर अगाडि बढ्न आतुर रहेको बताए ।

'तालको केही क्षेत्रमा पोखरी निर्माण गरी सहकारी संस्थासँग सम्झौता गरी माछापालनको कार्य विगतमा गरिँदै आएको थियो,' उनले भने, 'चरा संरक्षणकर्मीको सल्लाहमा चराको बासस्थानमा खलल पुगेको भनेपछि माछापालनको कार्य बन्द गरेका छौं ।' थारू भाषामा कमललाई पुरैना भन्ने गरिएकाले त्यसकै आधारमा तालको नाम पुरैनी राखिएको बताइन्छ । *रासस*

## सच्याइएको

मिति २०८० फाल्गुन १४/१५ र १६ गते प्रभाव दैनिकको वर्ष १० मा प्रकाशित भएको **देव आईडियल इङ्गलिस स्कुल (को एजुकेशनल एण्ड रेसिडेन्सिएल) प्रा.लि.** को नाम परिवर्तन गरिएको सूचनाको प्रथम पटक प्रकाशित मिति: २०८०/११/१४, दोस्रो पटक प्रकाशित मिति: २०८०/११/१५ र तेस्रो पटक प्रकाशित मिति: २०८०/११/१६ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** EXPERTISE CONSTRUCTION COMPANY LIMITED

पुर्व स्वीकृति मिति २०८०/११/२० | LT. No. :301019 | चलानी नं. ६०२१५९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** PAN HOME FURNISHINGS

पुर्व स्वीकृति मिति २०८०/११/२० | LT. No. 300899 | चलानी नं. ६०२१५८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 30 | 0 | 1200 | ४३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**

Govt. License 937/067/068

Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** SENA DIECASTING INDUSTRIES SDN.BHD

पुर्व स्वीकृति मिति २०७९/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२० | LT. No. 283601 | चलानी नं. ६०१९९०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी :** DONG SING FOOD MARKETING SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२० | LT. No. 285193 | चलानी नं. ६०२००५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

---

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला अस्पताल खोटाङ**
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८०/११/२१)

जिल्ला अस्पताल खोटाङबाट २०८०/१०/०७ मा अस्पतालका लागि आवश्यक विभिन्न प्रकारका औषधिहरू बोलपत्र मार्फत खरिदका लागि राष्ट्रियस्तरको बोलपत्र आह्वान भई रीतपूर्वक मिति २०८०/११/०९ सम्म पेश हुन आएका बोलपत्रहरूमध्ये तपसिल अनुसारको बोलपत्रदाताले कबोल गरेको अंक मूल्याङ्कनबाट सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिल अनुसारका बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | बोलपत्र नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | ०२/२०८०-०८१ | अस्पतालका लागि आवश्यक विभिन्न प्रकारका औषधिहरू | प्रशन्न हेल्थ केयर प्रा.लि, बिर्तामोड झापा | १,४१,००,११०/- |

अस्पताल प्रमुख

## कतारमा रोजगारको अवसर

**MANNING TRADING CO. WLL** Qatar, Doha

पुर्व स्वीकृति मिति:२०२४/०३/०३ | पत्र संख्या: ०८०/८१ | चलानी नं.: ६०२१५८५४ | LT No. 300937

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलव QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने/बस्ने सुविधा | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | TECHNICIAN | 08 | 00 | सम्बन्धित | 1100 | ३९९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | LABOUR | 50 | 00 | काममा दक्ष | 1000 | ३६३१० | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने क. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जाने अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला सो को (१) एक प्रति आफूसँग राख्नुहोला। (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**फाइनल अन्तर्वार्ता मिति २०८० फागुन २८ गते (March 11, 2024) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ.
फोन: ०१-४१११५६०, Email: ars@arabrecruiting.com

श्रम इजाजत पत्र नं. ७३/०५२/०५३

## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** DIYAR PUBLIC FACILITIES MANAGEMENTS CO.

पूर्व स्वीकृति मिति २०८०/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२० | LT. No.290808 | चलानी नं. ६०२०६२३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security guard | 30 | 0 | 130 | ५६,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Body guard | 20 | 0 | 140 | ६०,३८० | | | | | | | |
| 3 | Cleaner | 50 | 20 | 90 | ३८,८१५ | | | | | | | |
| 4 | Driver light GCC | 25 | 0 | 140 | ६०,३८० | | | | | | | |

**कम्पनी :** FAISAL AWADH AL-HARBI & PARTNERS CO.

पूर्व स्वीकृति मिति २०८०/११/१८ | LT. No. 300959 | चलानी नं. ६०२१५८६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 6 | 0 | 1000 | ३५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** TAIF BEAUTY SALON

पूर्व स्वीकृति मिति २०८०/११/१८ | LT No : 300928 | चलानी नं. ६०२१५८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 0 | 3 | 1200 | ४३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cash Desk Clerk | 0 | 1 | 1200 | ४३,१९० | | | | | | | |
| 3 | Hairdresser | 0 | 3 | 1200 | ४३,१९० | | | | | | | |
| 4 | Manicurist | 0 | 5 | 1200 | ४३,१९० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

**कम्पनी :** ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२० | LT No :291920 | चलानी नं. ६०२०७८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 150 | 0 | 130 | ५६,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना २१ गते सोमबार)

यस विकास बैंक लि.को शाखा कार्यालय गिरुवारीबाट उल्लेखित ऋणीले हायर पर्चेज कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको सावाँ, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको सावाँ, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **सुन्दर सुनार**
बाबुको नाम : राम बहादुर सुनार
बाजेको नाम : पठु सुनार
स्थायी ठेगाना : सल्यान जिल्ला पिपलनेटा गा.वि.स. वडा नं. ८
हालको ठेगाना : दाङ्ग जिल्ला तुलसिपुर न.पा. वडा नं. ५
ना.प्र.नं. : ५५२०२११
जारी मिति र जिल्ला : २०५९/०८/२३, सल्यान

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **खगेश्वर पौडेल**<br>बाबुको नाम : कलाधर पौडेल<br>बाजेको नाम : तारा प्रसाद पौडेल<br>स्थायी ठेगाना : रुपन्देही जिल्ला रुद्रपुर गा.वि.स. वडा न. ४<br>हालको ठेगाना : रुपन्देही जिल्ला कञ्चन न.पा. वडा नं. ५<br>ना.प्र.नं. : ४/१००८५<br>जारी मिति र जिल्ला : २०५६/११/१०, रुपन्देही | २. नाम : **माया सुनार**<br>पतिको नाम : सुन्दर सुनार<br>ससुराको नाम : राम बहादुर सुनार<br>स्थायी ठेगाना : सल्यान जिल्ला पिपलनेटा गा.वि.स. वडा नं. ८<br>हालको ठेगाना : दाङ्ग जिल्ला तुलसिपुर न.पा. वडा नं. ५<br>ना.प्र.नं. : ५५०११९/२५४७०<br>जारी मिति र जिल्ला : २०६९/०६/१७, सल्यान |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक

सोमबार २१, फागुन २०८० (Monday, March 4, 2024)

रूपशाला

## मेनुकाको 'छुनै हुन्न जस्तो' सार्वजनिक

गायिका मेनुका पौडेलको स्वरमा नयाँ गीत 'छुनै हुन्न जस्तो' युट्युवमा सार्वजनिक भएको छ। गीतमा सीडी विजय अधिकारीको संगीत र प्रदीप चापागाईंको शब्द रचना छ। गीतले युवायुवतीको प्रेम भाव दर्शाउँछ। माया व्यक्त गर्न धक मान्ने अन्तरमुखी स्वभावको भाव गीतमा समावेश छ। गीतले दर्शकलाई एकसाथ कथा पनि वाचन गर्छ। गीतको भिडियोमा प्रभात पल ठकुरी र जुना सुन्दासको अभिनय छ। अर्जुन तिवारीले खिचेको भिडियो निर्देशन शान थापाले गरेका छन्। इण्डियन आइडलबाट बाहिरिएपछि मेनुकाले काठमाडौं आएर यो गीत रेकर्ड गरेकी हुन्।



# 'उपहार'लाई युनिभर्सल सर्टिफिकेट

■ प्रभाव संवाददाता

**काठमाडौं** – यही फागुन २५ गतेबाट रिलिज हुने फिल्म 'उपहार'ले केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)बाट 'यू' अर्थात युनिभर्सल सर्टिफिकेट पाएको छ। यो सर्टिफिकेट पाएपछि सबै उमेर समूहका दर्शकले फिल्म हेर्न पाउँछन्।



फिल्मका निर्देशक ज्ञानेन्द्र देउजाले फिल्मलाई सेन्सर बोर्डका सदस्यले मन पराएको बताए।

रेखा फिल्मस् र कपनगढी सिनेमा प्रालिको ब्यानरमा रेखा थापा प्रस्तुतकर्ता रहेको फिल्ममा रेखा थापा, पुजा शर्मा, मुकुन भुषाल, बेनिशा हमाल, तेज गिरी, समर्पणजंग कार्की, सुष्मा कार्की, शिशिर राणा, राजाराम पौडेल, किरण केसी, अंशु महर्जन, विनोद पौडेल, आशा भुषाल, शोभारस घिमिरे, मन्जु श्रेष्ठ, कमल भट्ट, राइडर प्रशान्त र सरिता राजोपाध्यायलगायतको अभिनय छ।

बलराम शाही ठकुरी कार्यकारी निर्माता रहेको फिल्मका निर्माता सुलभ प्रतिक र समीक्षा देउजा हुन्। फिल्ममा विष्णु कल्पित घिमिरेको छायांकन, अर्जुन पोखरेल र बाबुल गिरीको संगीत, मित्र डि गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, भारतीका साथै अभिमन्यू निरवी र माधव शर्माको पटकथा तथा संवाद, अनुपम गौतमको भीएफएक्स र रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ।

फिल्मको वितरण उपत्यका भित्र रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफडी कम्पनीले गर्नेछ।

# 'महाजात्रा' : अपराधको पैसा लुकाउन गर्ने संघर्ष

**काठमाडौं (प्रस)**– प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहेको 'जात्रा'को तेस्रो श्रृंखला 'महाजात्रा'को ट्रेलर सार्वजनिक गरिएको छ। आइतबार काठमाडौंमा एक कार्यक्रमका बिच सार्वजनिक ट्रेलरमा तीन पात्र (विपिन कार्की, रविन्द्र सिंह बानियाँ र रविन्द्र झा)ले एक गाडी पैसा लुकाउने जिम्मा पाएपछिको उतारचढावलाई चित्रण गरिएको छ। ट्रेलरमा पूर्ण कमेडीले भरिएको छ।

अभिनेता हरिवंश आचार्य नकारात्मक चरित्रमा छन्। नेताको भूमिकामा रहेका उनको कालो धन लुकाउन तीन पात्रले गर्ने संघर्ष र



त्यो पैसा खोज्न प्रहरीले गरेको दौडधुपमा ट्रेलर घुमेको छ। अपराधको पैसाले विरोल्छ भन्ने सन्देश पनि ट्रेलरले दिएको छ। 'सत्य लुक्दैन, झुटो टिक्दैन' भन्ने फिल्मको ट्यागलाइन छ।

'महाजात्रा'मा वर्षा राउत, राजाराम पौडेल, दिव्यदेव, शिशिर वांगदेल, प्रकाश घिमिरे, अर्जुनजंग शाही, मोहन निरौला लगायतको अभिनय छ। आगामी चैत ९ गतेदेखि प्रदर्शन हुन लागेको फिल्मको कार्यकारी निर्माता रविन्द्र सिंह बानियाँ हुन् भने निर्माताहरूमा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल छन्। फिल्ममा पुरुषोत्तम प्रधानको छायांकन छ।

# चौतर्फी विरोधपछि 'रंगेली'ले पायो सेन्सर प्रमाणपत्र



■ प्रभाव संवाददाता

**काठमाडौं** – 'रंगेली'नाममा आपत्ति जनाउँदै केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले प्रमाणपत्र दिन अस्वीकार गरेको विषयमा चौतर्फी विरोध भएपछि आइतबार बिहान बोर्डले नै निर्मातालाई बोलाएर प्रमाणपत्र प्रदान गरेको छ।

निर्देशक अर्जुन सुवेदीले स्थानीय निकायको स्वीकृति पत्र बिनै फिल्मलाई प्रमाणपत्र दिएको जानकारी दिए। फिल्मले पीजी सर्टिफिकेट (प्यारेन्टल गाइडेन्स) प्राप्त गरेको छ। अर्थात् फिल्मलाई १६ वर्षभन्दा मुनिका दर्शकले अभिभावकको साथमा हेर्नुपर्नेछ। प्रमाणपत्र पाएसँगै अब 'रंगेली'लाई प्रदर्शनको बाटो खुलेको छ।

सेन्सरले फिल्मको आपत्ति जनाउँदै प्रमाणपत्र दिन अस्वीकार गरेपछि फिल्मकर्मीहरूले सामाजिक सञ्जालमार्फत् विरोध गरेका थिए। फिल्मकर्मीहरूको चर्को विरोधपछि सेन्सर बोर्डले 'रंगेली'लाई सहज रूपमै प्रमाणपत्र दिएको हो।

निर्देशक सुवेदी स्वयंको लेखन रहेको फिल्ममा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रूपेश झा आदिको अभिनय छ।

फिल्मका कार्यकारी निर्माताहरू जीतेन्द्र खतिवडा र अनुज जंग थापा तथा निर्माताहरू संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् भने सह-निर्माताहरू युवक कार्की र शिव शङ्कर चौलागाईं हुन्।

रंगशाला

टी-२० क्रिकेट सिरिज

# उपाधिका लागि नेपाल र नेदरल्याण्ड्सले खेल्ने



**काठमाडौं (प्रस)**– त्रिकोणात्मक क्रिकेट सिरिजको उपाधिका लागि नेपाल र नेदरल्याण्ड्स खेल्ने भएका छन्। लिग चरणको अन्तिम खेल वर्षाका कारण रद्ध भएपछि नेदरल्याण्ड्स र नेपाल उपाधिका लागि भिड्ने पक्का भएको हो।

वर्षा बाधक बनेपछि नेदरल्याण्ड्स र नामिबियाबीचको खेल रद्ध भएको हो। खेल रद्ध भएपछि दुवै टिमले समान १-१ अंक प्राप्त गरेको छन्। नेदरल्याण्ड्स ५ अंक सहित समूहको शीर्ष स्थानमा रहेर फाइनल प्रवेश गर्यो। नेपाल ४ अंक सहित दोस्रो स्थानमा रहेर फाइनलमा स्थान सुरक्षित गरेको छ। पुछारको नामिबियाको ३ अंक भएको छ। लिग चरणको अन्तिम दुई खेलमा जित निकाल्दै नेपाल प्रतियोगिताको फाइनल प्रवेश गरेको हो।

**आयरल्याण्डले नेपाल भ्रमण गर्ने**

आयरल्याण्डको ए टिमले यस महिनाको अन्तिममा नेपाल भ्रमण गर्ने भएको छ। नेपालको राष्ट्रिय टिम र नेपाल एसँग टी ट्वान्टी र एक दिवसीय म्याच खेल्न आयरल्याण्डको ए टिमले नेपाल भ्रमण गर्ने भएको हो।

नेपाल भ्रमणको क्रममा आयरल्याण्डले राष्ट्रिय टिमसँग दुई टी ट्वान्टी र नेपाल एसँग तीन टी ट्वान्टी र तीन वान डे म्याच खेल्ने भएको छ। नेपाल क्रिकेट संघ क्यानले आईतबार बिज्ञप्तिमार्फत आयरल्याण्डको ए टिमको नेपाल भ्रमणबारे जानकारी गराएको हो। आयरल्याण्ड टेष्ट मान्यता प्राप्त देश हो। आयरल्याण्डको ए टिमलाई नेपाल बोलाएर क्यानले राष्ट्रिय टिम र ए टिमलाई 'एक्सपोजर' दिन लागेको हो।

# सूर्य नेपाल च्यालेन्ज आजदेखि

**काठमाडौं (प्रस)**– सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं प्रतियोगिता, सूर्य नेपाल च्यालेन्ज सोमबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरू हुँदैछ।

चारदिनसम्म चल्ने ७२ होलको प्रतियोगितामा ३१ प्रोफेसनल र ११ एमेच्योर खेलाडीले दाबेदारी प्रस्तुत गर्ने प्रोफेसनल गल्फर्स एसोसिएसन नेपालका महासचिव दीपक आचार्यले जानकारी दिए। ३६ होलको समाप्तीमा कट लागु हुनेछ। जहाँ उत्कृष्ट २१ खेलाडीले तेस्रो र चौथो दिनको लागि स्थान सुरक्षित गर्ने छन्। एमेच्योर खेलाडीको हकमा पनि कट बनाउन उत्कृष्ट २१ भित्र पर्नुपर्नेछ।

कुल ५ लाख ७२ हजार २ सय ५० नगद पुरस्कार राशी रहेको प्रतियोगिताको विजेताले नगद १ लाख पुरस्कार प्राप्त गर्नेछ। दोस्रो र




तेस्रो हुने खेलाडीहरूले क्रमश ६७ हजार र ४८ हजार हात पार्नेछन्। यसैगरी चौथो हुनेलाई ४० हजार र पाँचौ हुनेलाई ३६ हजार प्रदान गरिनेछ। कट बनाउने २१ प्रोफेसनल गल्फरले नगद पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितालाई प्रतिस्पर्धामक बनाउनको लागि रोयल नेपाल गल्फ क्लबको कोर्सलाई पनि केहि अप्ठयारो बनाइएको छ। जसले गर्दा प्रतिस्पर्धा रोचक हुने अनुमान गरिएको छ। कोर्ससँग अभ्यस्त हुन गल्फरहरूले तायारी सुरू गरिसकेका छन्।

तीन वटा रेकर्ड सहित सूर्य नेपाल वेस्टर्न ओपन जितेका भुवन नगरकोटी यो प्रतियोगिताको प्रमुख दाबेदार हुन्। यस्तै यो सिजनको सुरूवात सानदार गरेका दिनेश प्रजापतिसँगै रवि खड्का र जयराम श्रेष्ठले पनि उत्कृष्ट प्रदर्शन गर्ने अनुमान गरिएको छ। प्रोफेसनल गल्फरहरूलाई युवा एमेच्योर तथा डिफेन्डिंग च्याम्पियन सदभाव आचार्यले कडा चुनौती दिनेछन्। गत सिजन सबैभन्दा कम उमेरमा सूर्य नेपाल च्यालेन्ज जितेर इतिहास बनाएका सदभाव पनि उच्च फर्ममा रहेका छन्। उनी उपाधि रक्षा गर्ने कोशिशमा रहनेछन्।

## फालेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थकेपुङ, पाँचथर, नेपाल

**जनहितमा जारी सन्देश**

## उद्योग तथा व्यवसायका लागि

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरू (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरू विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।**

# रूसी माध्यमबाट सेनाको गोप्य वार्ता चुहावटबारे जर्मनीले छानबिन गर्ने

**बर्लिन-** युक्रेन युद्धबारे सेनाको गोप्य वार्ताको रेकर्डिङ रूसी सामाजिक सञ्जालमा सार्वजनिक भएपछि जर्मनीका चान्सलर ओलाफ सोल्जले यसको पूर्ण छानबिन गर्ने प्रतिबद्धता शनिबार जनाएका छन् ।

जर्मनीको रक्षा मन्त्रालयका प्रवक्ताले एएफपीसँग कुरा गर्दै वायु सेनाको प्रभागमा भएको कुराकानी 'चोरिएको' विश्वास मन्त्रालयले गरेको बताएका छन् । जर्मनीले आफ्ना अधिकारीहरूले युक्रेनलाई लामो दुरीका क्षेप्यास्त्र उपलब्ध गराउने र सम्भावित निशानाहरूबारे छलफल गरिरहेको सैन्य बैठक रूसको 'हच्याकिङ'मा परेको स्वीकार गरेको हो ।

भिडियो सम्मेलनमार्फत भएको बैठकको श्रव्य सामग्री रूसको सरकारी च्यानल आरटिकी प्रमुखले मार्गरिटा सिमोनियानले शुक्रबार सामाजिक सञ्जालमा पोस्ट गरेका थिए । अधिकारीहरूले गैरकानुनीरूपमा गाभिएको क्रिमिया र रूसलाई जोड्ने केर्च पुललाई कसरी ती क्षेप्यास्त्रहरूले निशाना बनाउन सक्छन् भन्ने छलफल गरिरहेका श्रव्य सामग्रीमा सुन्न सकिन्छ ।

रूसी नेताहरूले उक्त श्रव्य सामग्रीले 'सधैँ घृणा गरिरहने शत्रु' ले आक्रमणको योजना बुनिरहेको प्रमाणित गरेको उल्लेख गरेका छन् । जर्मनीका चान्सलर ओलाफ सोल्सले चुहावटजस्तो देखिने उक्त घटना 'ज्यादै गम्भीर भएकाले सावधानीपूर्वक, गहन र ज्यादै द्रूत ढंगले अनुसन्धान' अघि बढाइएको बताएका छन् । डेर स्पिगल म्यागजिनका अनुसार उक्त भिडियो सम्मेलन कुनै गोप्य आन्तरिक सैन्य नेटवर्कमा नभई वेबएक्सको प्ल्याटफर्ममा आयोजना गरिएको थियो । उक्त रेकर्डिङमा युक्रेनी फौजहरूले जर्मनीमा बनेको टोरस क्षेप्यास्त्रहरूको प्रयोग गर्ने सम्भावना र त्यसको सम्भावित असरबारे छलफल गरिरहेको सुन्न सकिन्छ ।

जर्मन रक्षा मन्त्रालयका प्रवक्ताले भनेको छन्, 'सामाजिक सञ्जालमार्फत बाहिरिएको उक्त सामग्री रेकर्ड गरिएको वा लिपिबद्ध स्वरूपमा रूपान्तरण गरिएको हो वा होइन भनेर हामी अहिले भनिहाल्न असमर्थ छौं । अनुसन्धान भइरहेको छ ।'

उक्त श्रव्य सामग्रीमा फ्रान्स र बेलायतले किभलाई उपलब्ध गराएको क्षेप्यास्त्रको प्रयोगबारे पनि छलफल भएको छ । किभले लामो समयदेखि जर्मनीलाई ५०० किलोमिटर (३०० माइल) टाढासम्म पुग्न सक्ने टोरस क्षेप्यास्त्र उपलब्ध गराउन आग्रह गर्दै आएको छ । सोल्सले हतियार आपूर्तिले द्वन्द्वलाई थप बढाउने चिन्ता व्यक्त गर्दै अहिलेसम्म क्षेप्यास्त्र पठाउन अस्वीकार गर्दै आएका छन् ।

उनले शनिबार रोम भ्रमणका क्रममा भने, 'जे रिपोर्ट भइरहेको छ, त्यो निकै गम्भीर विषय हो र यसैकारण यसको अहिले निकै सावधानीपूर्वक, धेरै गहन र छिटो अनुसन्धान भइरहेको छ ।'

जर्मनीको प्रसिद्ध प्रसारक एआरडीले यो चुहावट जर्मन गुप्तचर सेवाका लागि 'विपत्ति' भएको बताएको छ । शनिबार टर्कीमा आयोजित एक कूटनीतिक मञ्चमा बोल्दै रूसी विदेशमन्त्री सेर्गेइ लाभरोभले युक्रेन र उसका समर्थकहरूले आफ्नो बाटो परिवर्तन गर्न नचाहेको र युद्धभूमिमा रूसलाई रणनीतिक पराजय दिन चाहेको संकेत उक्त रेकर्डिङले दिएको बताए ।

रूसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले जर्मनीलाई छलफलबारे तत्काल स्पष्टीकरण उपलब्ध गराउन माग गरेका छ । उनले भने, 'प्रश्नको जवाफ नदिने प्रयासलाई अपराध स्वीकार्नु मानिने छ ।' रूसका पूर्वराष्ट्रपति तथा सुरक्षा परिषद्का उपप्रमुख दिमित्री मेदभेदेवले टेलिग्रामपोस्टमा लेखेका छन्, 'हाम्रा पुराना प्रतिद्वन्द्वी (जर्मन) हरू फेरि हाम्रा शत्रुमा परिणत भएका छन् ।'

रूसको आक्रमण रोक्न संघर्ष गरिरहेको किभलाई जर्मन टोरस क्षेप्यास्त्रहरूको आपूर्तिले युक्रेनलाई रूसविद्धको लडाईमा ठूलो प्रोत्साहन प्रदान गर्ने छ । *रासस/एएफपी*

# भारतले माल्दिभ्सनजिकै सैन्य शिविर स्थापना गर्दै

**नयाँदिल्ली-** भारतीय नौसेनाले 'रणनीतिक रूपमा महत्त्वपूर्ण' माल्दिभ्सको नजिकका टापुहरूमा सेनालाई बलियो बनाइरहेको बताएको छ । मालेले भारतीय सेनालाई घर पठाउन सुरू गर्नुभन्दा केही दिनअघि नै नयाँ शिविर खुल्ने भारतीय सेनाले जनाएको छ ।

चीननिकट मानिने मालदिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले गत वर्ष भारतीय सेनालाई फिर्ता पठाउने वाचा गरेर चुनाव जितेपछि भारत र माल्दिभ्सबीचको सम्बन्धमा तिक्तता आएको छ । पूर्व-पश्चिम अन्तर्राष्ट्रिय जलमार्गमा फैलिएको उक्त द्वीप समूहमा चीनको बढ्दो उपस्थितिप्रति भारत सशंकित रहेको र नयाँ शिविरले उक्त क्षेत्रमा नयाँदिल्लीको 'जानकारी पहिचान गर्ने निगरानी'लाई विस्तार गर्ने भारतीय नौसेनाले शनिबार एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

मुइज्जुले भारतलाई माल्दिभ्समा रहेका ८९ जना सुरक्षाकर्मीलाई फिर्ता बोलाउन आग्रह गरेका छन् । भारतीय योजनाअनुसार पहिलो जत्था मार्च १० भित्र भारत प्रस्थान गर्ने र सबै दुई महिनाभित्र स्वदेश फिर्ता हुने छन् ।

भारतको लक्षद्वीप टापुमा मार्च ६ मा खुल्ने नयाँ सैन्य शिविरले विद्यमान सानो टुकडीलाई 'स्वतन्त्र नौसैनिक एकाइ' मा परिणत गर्ने छ । भारतको लक्षद्वीप टापु माल्दिभ्सबाट लगभग १३० किलोमिटर उत्तरमा अवस्थित छ र मिनिकोय टापुमा नयाँ नौसैनिक शिविर रहेको छ ।

भारतीय नौसेनाको लक्षद्वीप टापु कवारत्तीमा पहिलेदेखि नै शिविर छ, तर नयाँ शिविर माल्दिभ्सबाट लगभग २५८ किलोमिटर (१६० माइल) नजिक हुने छ ।

'मिनिकोय लक्षद्वीपको सबैभन्दा दक्षिणी टापु हो, जसले सञ्चारको महत्त्वपूर्ण समुद्री रेखालाई समेटेको छ,' भारतीय नौसेनाले भनेको छ । यस शिविरले समुद्री डकैती र लागुऔषध विरोधी अभियानलाई बढावा दिने छ र यो 'रणनीतिक रूपमा महत्त्वपूर्ण' टापुहरूमा सुरक्षा पूर्वाधार बढाउने नीतिको एक भाग हो । *रासस/एएफपी*


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMASAWMY & RAMASAWMY CO LTD

पूर्व स्वीकृति मिति : २०८०/११/१८ | LT. No.:300763 | चलानी नं.: ६०२१५८६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Grade II | 60 | 0 | 18165 | ५२,४४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason Grade II | 120 | 0 | 18165 | ५२,४४० | | | | | | | |
| 3 | steel fixer grade II | 20 | 0 | 18165 | ५२,४४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNION REBAR FACTORY L.L.C

पूर्व स्वीकृति मिति २०८०/११/१८ | LT. No. 301008 | चलानी नं. ६०२१५८९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 0 | 900 | ३२,३९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 25 | 0 | 1200 | ४३,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Sunsari, Itahari, Eastern Palace मा मिति: २०८० फाल्गुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।
Head Office, Kathmandu मा मिति: २०८० फाल्गुन २९ गते (12th Mar. 2024) मा हुनेछ ।

साथै यस म्यानपावरको लागि Receptionist- 1 (F), Accountant - 1 (F), Office Secretary - 1 (F), Documentation- 1 (F), को पनि आवश्यक परेको हुँदा इच्छुक आवेदकहरूले कार्यालयमा सम्पर्क गनहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: २५,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Himalayan Valley Nepal Pvt.Ltd.** श्रम ईजाजत नं. १५२६/०७४/०७५

Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
Mobile: 9801035459, 9841160008 ,9813135331 ,9843937417 ,9851349095 ,9845991195 ,014110403 , 014110453
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED ENGINEERS & CONTRACTORS WLL

पूर्व स्वीकृति मिति २०८०/११/१८ | LT. No. 300985 | चलानी नं. ६०२१५८९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६१,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician Gen | 3 | 0 | 1100 | ४०,००० | | | | | | | |
| 3 | Foreman | 1 | 0 | 2500 | ९०,७७० | | | | | | | |
| 4 | Labour | 15 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 5 | Technician | 1 | 0 | 1100 | ४०,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.** श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TLE STEEL WORKS

पूर्व स्वीकृति मिति: २०८०/०४/०२ | पुन विज्ञापन स्वीकृति मिति:२०८०/११/२० | LT. No.289514 | चलानी नं.६०२१५८६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : VOLCANO NAME PLATE SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति:२०८०/११/२० | LT. No.287120 | चलानी नं. ६०२०२४३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MOK KAM YOKE

पूर्व स्वीकृति मिति २०८०/०३/०३ | पुन विज्ञापन स्वीकृति मिति:२०८०/११/२० | LT. No. 288130 | चलानी नं. ६०२०३४०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production, Harvesting & Post Harvesting | 1 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PUSAT KUIH &KEK KHOO ENG CHEE

पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति:२०८०/११/२० | LT. No. 288129 | चलानी नं. ६०२०३४००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PG BYRAM FARMING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति:२०८०/११/२० | LT. No. 276402 | चलानी नं. ६०२१३८९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन २८ गते (11th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.** श्रम ईजाजत नं. ६३०/०६३/०६४

New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024

## ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!
## पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket from Kathmandu to Malaysia, Free Bio-Medical, Free Service Charge, Free Transportation (after selection) Free Passport Cost, Free Lodging and Meals (after selection).
नि:शुल्क भिषा, नि:शुल्क हवाइ टिकट काठमाडौं देखि मलेसियासम्म नि:शुल्क स्वास्थ्य जाँच, सेवा शुल्क नि:शुल्क, नि:शुल्क यातायात (छनौट पश्चात), नि:शुल्क आवास र खाना (छनौट पश्चात), नि:शल्क राहदानी शुल्क ।

रोजगारदाताको विवरण । **Employer's Information:**

Employer Company's Name: FLEXITECH SDN. BHD.
रोजगारदाता कम्पनीको नाम: फेलिक्सटेक एस डि एन. बि एच डि.
Employer Company's Address/Job Site: Selangor
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान: सेलांगर

| पूर्व स्वीकृति मिति : २०८०/११/०८ Pre Approval Date: 2024-02-20 | पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/२० Post Approval Date: 2024-03-03 | चलानी नं.: ६०२१५३२८ Reference No: 60215328 | LOT NO. 300296 |
|---|---|---|---|

| सि. न | Post for Migrating Worker कामदार को पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलव QR | Monthly Basic Salary मासिक तलव ने.रू | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker जेनेरल कामदार | 150 १५० | 0 0 | Proficient in reading/ writing/ speaking/ understanding English with +2 passed [illegible] | 1500 १५०० | 42000 ४२००० | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अनुसार | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Employment Terms and Conditions /रोजगार नियम र सर्तहरू:
1. Nature of Job: General Worker in Manufacturing sector.
   काम को प्रकृति: उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime shall be voluntary. Overtime Payment Calculated as
   ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना
   i) on Normal Days: Salary * 1.5 / सामान्य दिनमा * तलब १.५
   ii) on Sundays/rest days: Salary * 2.0 / आइतबार/ विश्राम दिन: तलब * २.०
   iii)on Public Holidays: Salary *3.0 / सार्वजनिक बिदामा तलब * ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
   विश्राम दिन मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: Paid Holiday for atleast 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
   सार्वजनिक बिदा: मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा ।
5. Annual Leave:8 days for first two years of service.
   वार्षिक बिदा: सेवाको पहिलो दुई वर्षको लागि ८ दिन ।
6. Sick Leave/ farem farar
   i)Without Hospitalization: 14 days sick leave for each year of service for less than 2 years.
   अस्पतालमा भर्ना बिना २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा ।
   ii) Incase of Hospitalization:60 days sick leave in each calender year.
   अस्पताल भर्ना भएको अवस्थामा: प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा ।
7. Medical and Accident Insurance: Under the current Foreign Workmen Compensation (Insurance) Scheme (FWCMS) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
   हालको विदेशी कामदार क्षतिपूर्ति (बीमा) योजना (FWCMS) अन्तर्गत बीमा र यदि लागु हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ ।
8. Right to freedom of association and collective bargaining will be respected.
   संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।
9. Right to freedom of Religion.
   धर्मको स्वतन्त्रताको अधिकार ।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
   आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
   स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले बहन गर्नेछ ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकल शुल्क कसले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमागर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवनबिमा कसले व्यहोर्ने र कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा बिमा हुने नहुने र प्रिमियम कसले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | Visa fee will borne by भिषा शुल्क कसले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्बन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाता रोजगारदाताले व्यहोर्ने | By Eployer Age 18-35= 3708 Above 35 age= 4931 रोजगारदाताले व्यहोर्ने उमेर १८-३५= ३७०८ ३५ वर्ष माथि= ४९३१ | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगार दाताले व्यहोर्ने | By Employer रोजगार दाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

फाइनल अन्तर्वार्ता ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महाराजगञ्ज काठमाडौ अफिस कार्यालयमा मिति २०८०, फागुन ३० गते हुनेछ ।
Interview will be conducted at the premises of Trust Nepal Overseas, Maharajgunj Kathmandu on 13th March, 2024.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारमा जाने कामदारहरूबाट यस प्रा.लि. ले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Trust Nepal Overseas Pvt. Ltd. does not have any branch or mediator representative. It is a non–fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no forced savings, no bonds, no cash deposits or any form of fees.

**Note:** (नोट)
1. This is an absolutely zero–cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.
१. यो पूर्णतया शून्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
2. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
२. यो भर्ती कुनै पनि प्रकारको पूर्वाग्रह वा भेदभाव विना स्वतन्त्ररूपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।

ठगहरूबाट सावधान रहनुहोस्/**Beware of Swindlers**

कृपया धोखाधडी, अवैध क्रियाकलाप वा भ्रष्टाचार विरूद्ध ट्रष्ट नेपालको हेल्पलाइन नं ९८०२०२१३६१ मा वा इमेल tnocomplaint@trustnepal.com मा प्रतिशोध तथा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनीयता सुनिश्चित राख्नेछौ ।
Feel free to report against fraud, illegal activities or corruption in Trust Nepal's Helpline +9779802021361 or email at tnocomplaint@trustnepal.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी** :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be atten ded compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Trust Nepal Overseas (P.) Ltd.
We are an ethical and responsible recruitment agency.

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८, Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com Hotline No. 9802021361

पहिलो आउनेलाई पहिलो प्राथमीकताको नियम अर्न्तगत फारम उपलब्ध गराईने छ ।

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२१००० | प्रति तोला – १२०४०० | प्रति तोला – १४१० |







**घाँसको जोहो** | दाङको लमही नगरपालिका-५ स्थित कोलहीका स्थानीय महिलाहरू पशुचौपायका लागि जंगलबाट घाँस ल्याउँदै ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

## गौरवका आयोजनाबारे प्रधानमन्त्रीलाई 'ब्रिफिङ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगतिबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीहरूसँग छलफल गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रधानमन्त्रीले भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वाला, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्मा, विभागीय प्रमुख र मन्त्रालयका सहसचिवहरूसँग छलफल गरेका हुन् ।

प्रधानमन्त्रीले राष्ट्रिय गौरवका आयोजनाहरूको आफूले नियमित अनुगमन गरिरहेको जानकारी दिँदै आयोजनाको लागत बढेमा स्वयं आयोजना प्रमुखहरू नै जिम्मेवार हुनेगरी कार्यसम्पादनको व्यवस्था मिलाउन निर्देशन दिए । प्रधानमन्त्रीले उत्तरदक्षिण (कोशी करिडोर) खाँदबारी-किमाथांका सडक योजना, कालीगण्डकी करिडोर र कर्णाली करिडोरको प्रगतिबारे मन्त्रालयका अधिकारीबाट जानकारी लिएका थिए ।

कोशी करिडोरको भौतिक प्रगति ३२ प्रतिशत, वित्तीय प्रगति पनि ३२ प्रतिशत नै रहेको जानकारी दिँदै सचिव शर्माले सडक निर्माणको काममा प्रगति भइरहेको जानकारी दिए । उत्तर दक्षिण (कालीगण्डकी करिडोर) सडक योजनाको ६३ प्रतिशत भौतिक प्रगति र ५५.७ प्रतिशत आर्थिक प्रगति रहेको जानकारी दिँदै उनले स्रोत व्यवस्थापनको सीमितताका कारण अपेक्षित प्रगति हासिल नभएको बताए । उत्तर दक्षिण (कर्णाली करिडोर) सडक योजनाको भौतिक र वित्तीय प्रगति सन्तोषजनक रहेको जानकारी पनि उनले दिए ।

प्रधानमन्त्रीले विगत २५० वर्षमा भएको भौतिक र मानवीय प्रगतिभन्दा गणतन्त्रपछि भएको प्रगति निकै उत्साहप्रद रहे पनि त्यसबारे आम नागरिकमा यथार्थ सम्प्रेषण गर्नुपर्नेमा जोड दिएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

प्रधानमन्त्रीले भने, 'पछिल्लो १५ वर्षमा भौतिक एवं मानवीय विकासका क्षेत्रमा राम्रा काम भएका छन् तर जनतामा सही ढंगले सूचना सम्प्रेषण गर्न नसक्दा निरासाजस्तो देखिएको छ । यति धेरै काम भएको जानकारी हामीले जनतालाई दिनुपर्छ, उनीहरूलाई सही ढंगले प्रशिक्षित गर्नुपर्छ ।'

उनले विकास आयोजनाका कामलाई उच्च प्राथमिकता दिन र आयोजना प्रमुखहरूलाई परियोजनास्थलमा नै बसेर काम गर्ने वातावरण बनाउन मन्त्री ज्वालालाई निर्देशन दिए । प्रधानमन्त्रीले भने, 'विकास आयोजनाका काममा हामी सबैले उच्च प्राथमिकता दिनुपर्छ । मन्त्रालय र आयोजनाले निर्धारित काम तोकिएको समयमा पूरा नगर्दा आयोजनाको लागत बढ्दै गएको छ । तसर्थ, यो बेथिति अन्त्य गर्न गम्भीर भएर लाग्नुस् ।'

## 'कमाउन विदेश नै जानुपर्छ भन्ने छैन'

■ प्रभाव संवाददाता

**त्रिशूली –** अर्थमन्त्री डा प्रकाशरण महतले ग्रामीण क्षेत्रको विकासका निम्ति सरकार प्रतिबद्ध रहेको बताएका छन् । देशमा रोजगारीका अवसरको सृजना तथा शैक्षिक रूपान्तरणका माध्यमबाट उन्नयनको मार्गमा अग्रसर हुन सहज हुने भन्दै उनले कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने मान्यताबाट मुक्त हुनुपर्नेमा जोड दिए ।

नुवाकोटको शिवपुरी गाउँपालिका-४ सिक्रेस्थित स्याउरीभूमे माध्यमिक विद्यालयको ४१औँ वार्षिकोत्सव तथा अभिभावक भेलालाई सम्बोधन गर्दै अर्थमन्त्रीले गाउँगाउँमा विकास र शैक्षिक गुणस्तरमार्फत युवा वर्गलाई रोजगारीमा केन्द्रित गराउने योजना तथा बजेट कार्यान्वयनमा सरकार केन्द्रित रहेको बताए ।

'गाउँगाउँमा उत्पादन बढाएर गाउँका सहरमा पुऱ्याउनुपर्छ,' उनले भने, 'पूर्वाधारको विकास र प्राविधिक-आधुनिक शिक्षामार्फत नयाँ फड्को मार्ने प्रयासमा सरकार केन्द्रित छ ।' युवालाई आफ्नै गाउँमा टिकाउन रोजगारको सिर्जनाका लागि पूर्वाधार विकास र गुणस्तरीय शिक्षा नै पहिलो आधार भएकाले सोहीअनुसार सरकारले नयाँ-नयाँ योजना कार्यान्वयनमा ल्याएको अर्थमन्त्रीले जानकारी दिए ।

'अहिले विकासको रफ्तार सुरु भएको छ । गाउँगाउँमा सडक सहितको पूर्वाधारको विकास र कृषिको आधुनिकीकरण र यन्त्रिकरणबाट उब्जनीलाई बढावा दिँदै ती सामग्री सहरमा पुऱ्याउनुपर्छ,' उनले भने, 'सडकसहित सिँचाइ, खानेपानीलगायत ग्रामीण पूर्वाधार विकासमा चालु आर्थिक वर्षदेखि सरकारले प्राथमिकता दिएकाले मुलुकमा विकासले नयाँ फड्को मार्ने चरणमा प्रवेश गरेको छ ।'

लामो समयसम्म शिथिल बनेको देशको अर्थतन्त्रमा सुधार हुँदै गएको तथा गाउँमै केही गर्न सकिन्छ भन्ने उद्यमी पनि रहेका दृष्टान्त प्रस्तुत गर्दै अर्थमन्त्री महतले भने, 'सुधारिएको अर्थतन्त्रले रोजगारी र उद्यमी बढ्ने क्रममा छन्, पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षाको व्यवस्था गरेर सरकारले गाउँ केन्द्रित नयाँ कार्यक्रम सञ्चालनमा जोड दिइएको छ ।'

'कमाउन र रमाउन विदेश नै जानुपर्छ भन्ने छैन,' उनले भने, 'परिवार पाल्न र सन्ततिको भविष्य सुनिश्चित हुने वातावरण नेपालमा नै हुनेछ भन्नेमा विश्वास गर्न आग्रह गर्दछु ।' उनले व्यावसायिक कृषिमा लाग्न स्थानीय किसानलाई सुझाव पनि दिए ।

## आन्दोलन स्थापना दिवस मनाउँदै जिफन्ट

**काठमाडौं (प्रस)–** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले प्रत्येक वर्ष फागुन २१ गतेका दिनलाई 'नेपाली ट्रेड युनियन आन्दोलन स्थापना दिवस' का रूपमा मनाउने घोषणा गरेको छ । पुतलीसडकस्थित केन्द्रीय कार्यालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमार्फत जिफन्टले यस्तो घोषणा गरेको हो ।

जिफन्ट महासचिव लक्ष्मण शर्माले आज सोमबार पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा ७७औं वार्षिकोत्सव समारोहको उद्घाटन गरिने जानकारी गराए । उनका अनुसार समारोहमा विभिन्न




१६ देशका ट्रेड युनियन प्रतिनिधिहरूले भाग लिने छन् ।

२००३ फागुन २१ गते तत्कालीन वामपन्थी नेता मनमोहन अधिकारी र नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको अगुवाइमा नेपालमा ट्रेड युनियन आन्दोलनको प्रारम्भ भएको बताउँदै जिफन्ट अध्यक्ष विनोद श्रेष्ठले पछिल्लो समय यो आन्दोलन राजनीतिक अभीष्ट पूरा गर्ने माध्यम बन्दै गएको मा दुःख व्यक्त गरे ।

'ट्रेड युनियन आन्दोन वर्गीय हो । तर यसलाई राजनीतिक हिसाबले विभाजित गरिँदै छ,' श्रेष्ठले पत्रकार सम्मेलनमा बताए । पछिल्लो समय ट्रेड युनियन आन्दोलन कमजोर बन्दै गएको स्वीकार्दै अध्यक्ष श्रेष्ठले यसको दोष वर्तमान सत्ता गठबन्धन भएको दाबी गरे ।

श्रेष्ठले वैदेशिक रोजगारीलाई युवाहरूमा बाध्यात्मक बन्दै जानु ट्रेड युनियनहरू माथिको प्रहारको परिणाम भएको दाबी गरे ।

श्रमिजीवि वर्गका सबै खाले समस्यालाई समाधन गर्दै सुमधुर श्रम सम्वन्ध, औद्योगिक शान्ति र श्रमिकको सामाजिक आर्थिक रूपान्तरणमा लाग्न आफूहरू प्रतिवद्ध रहेको बताउँदै जिफन्टले अब हरेक वर्ष फागुन २१ गतेको दिनलाई मजदुर हरूको महान चाडको रूपमा मनाउने घोषणा गरेको छ ।

## ठमेलमा पर्यटकको चहलपहल बढ्दो

■ अच्यूत रेग्मी

**काठमाडौं–** पर्यटकीय याम सुरु हुनैलागेको बेलामा संघीय राजधानी काठमाडौंको मुख्य पर्यटकीय केन्द्र ठमेलमा पर्यटकको चहलपहल सुरु भएको छ ।

पदयात्रा र पर्वतारोहणका लागि उपयुक्त याम वसन्त ऋतु सुरु भएसँगै ठमेलका गल्ली, चोक तथा पसलमा बाह्य पर्यटकको चहलपहल देखिन थालेको हो । नेपालमा मार्च, अप्रिल र मे महिनालाई पर्यटकीय यामका रूपमा लिने गरिन्छ ।

वसन्त ऋतुको सुरुआतसँगै अनुपम प्राकृतिक विविधताले भरिपूर्ण नेपालको सौन्दर्यको अवलोकनका लागि विश्वका विभिन्न मुलुकबाट पर्यटक आउन थालेका हुन् । सन् २०२० मा विश्वका विभिन्न मुलुकसहित नेपालमा सुरु भएको कोरोना महामारीबाट थलिएको नेपालको पर्यटन क्षेत्रले यो याममा थोरै भए पनि गति लिने अपेक्षा व्यवसायीले गरेका छन् ।

ठमेलको चाक्सिबारीमा अन्तर्राष्ट्रियस्तरको आयुर्वेद चिकित्सामार्फत पर्यटकलाई उपचार गर्दै आएका स्पा सङ्घ नेपालका सचिव एवं जेन स्पाका सञ्चालक रामदेव महतो पछिल्लो समय नेपालको पर्यटन क्षेत्रले सकारात्मक मोड लिएको बताउँछन् । 'अन्य समयमा दैनिक पाँच/सात जना स्पाका लागि आउनुहुन्थ्यो, पछिल्लो केही दिनदेखि २० देखि २५ जनासम्म आउने गर्नुभएको छ, यो नेपाली पर्यटन व्यवसायीको लागि खुसीको कुरा हो', उनी भन्छन् ।

क्यासिनोसहित काठमाडौंको ठमेलमा सञ्चालित पाँचतारे द मल्ल होटलका फुड एण्ड बेभरेज इन्चार्ज राम पुडासैनी पछिल्लो समय होटलमा बाह्य पर्यटकको संख्या वृद्धि भएको बताउँछन् । 'पर्यटक याम सुरु भएर होला, मार्च महिनामा ६० प्रतिशतभन्दा बढी होटलका कोठा बुकिङ भएका छन्', उनी भन्छन् ।

ठमेलमा डेढ दशकदेखि ह्याण्डिक्राप्टको व्यवसाय गर्दै आएकी नेपाल ह्याण्डिक्राप्ट कलेक्सनकी सञ्चालक मीनाकुमारी बाँस्तोला पर्यटकीय याम सुरु भएसँगै उलन, पश्मिना, फेल्टलगायतका सामग्रीको व्यापार बढ्ने विश्वास व्यक्त गर्छिन् । 'कोरोना अगाडिजस्तो व्यापार छैन, पर्यटकको चहलपहलले आशा भने जागेको छ, सायद गत वर्षभन्दा यस वर्ष व्यापार पक्कै राम्रो हुन्छ', उनी भन्छिन् ।

ठमेलमा दरबार हेरिटेज होटल सञ्चालन गर्दै आएका दिनेश ढकाल फ्रेबुअरीदेखि होटलमा पर्यटकको सफ्या बढेको बताउँछन् । 'फेब्रुअरीमा हाम्रो होटलमा समग्रमा भन्दा ७० प्रतिशत हाराहारीमा होटलका कोठा भरिएका थिए, मार्चमा पनि ८० प्रतिशत भरिने आश हामीले लिएका छौँ', ढकाल भन्छन् ।

ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष विमल धमला पछिल्लो समय ठमेलमा बाह्य पर्यटकको चहलपहल बढेको बताउँछन् । 'पर्यटकीय याम सुरु भएर पनि होला, ठमेलमा यतिबेला पर्यटकको चहलपहल बाक्लोरूपमा देख्न सकिन्छ', उनी भन्छन् । ठमेल पर्यटन विकास परिषद्का अनुसार ठमेलभित्र दुई हजारभन्दा बढी व्यवसायी आबद्ध छन् ।

ठमेलमा पर्यटकको चहलपहल भए पनि ढल र बिजुलीका तार बिच्छ्याउनका लागि सडक खन्दा पर्यटकलाई हिँडडुल गर्न समस्या भएको छ । ठमेल काठमाडौं महानगरपालिका-१६, १७, २६ र २७ वडामा पर्छ । ठमेलको अधिकाशं क्षेत्र भने २६ नं वडामा पर्छ ।

काठमाडौं महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारी बाटोमा ढल हाल्दा बाटो बिग्रिएको बताउँछन् । एक हप्ताभित्र ठमेलमा बिग्रिएका सडक कालोपत्र गर्ने तयारी महानगरपालिकाले गरिरहेको उनको भनाइ छ । काठमाडौंभित्र भित्रिने ८० प्रतिशतभन्दा बढी पर्यटक ठमेल घुम्नका लागि आउने गरेका छन् । ठमेललाई सफा र सुन्दर बनाउनका लागि महानगरपालिका लागिरहेको वडाध्यक्ष तिवारी बताउँछन् ।

वसन्त ऋतु साहसिक पर्यटनका लागि उपयुक्त समय हो । यो याममा हिमाल र पहाडी डाँडापाखा साथै नदीमा जलयात्राका लागि पर्यटकले रुचाउने गर्दछन् । यस्तै, पर्वतारोहणका लागि पनि नेपाल उपयुक्त मुलुक हो । सर्वोच्च शिखर सगरमाथा, अन्नपूर्ण, मनास्लु, कञ्चनजंगालगायतका आठ हजार मिटरभन्दा माथिका हिमशृंखलासमेत नेपालमा रहेका छन् । अधिकांश विदेशीले आरोहणका लागि सगरमाथा नै जान खोज्ने गरेका छन् ।

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार नेपालमा गत वर्षको तुलनामा यसवर्ष फेब्रुअरी महिनामा बाह्य पर्यटक आउने संख्या उल्लेख्य मात्रामा वृद्धि भएको छ । बोर्डका सूचना अधिकारी एवं निर्देशक मणिराज लामिछाने यस वर्षको फेब्रुअरीमा मात्र नेपालमा विभिन्न मुलुकबाट ९७ हजार ४२६ पर्यटक भित्रिएका छन् ।

गत वर्ष सन् २०२३ को फेब्रुअरीमा ७३ हजार दुई ५५ पर्यटक नेपाल भित्रिएका थिए । यो वर्ष फेब्रुअरीमा सबैभन्दा बढी भारतबाट पर्यटक नेपाल भ्रमणमा आएका छन् । बोर्डका अनुसार फेब्रुअरीमा २५ हजार पाँच सय ७८ पर्यटक नेपाल भित्रिएका छन् ।

त्यस्तै, चीनबाट नौ हजार एक सय ८०, अमेरिकाबाट नौ हजार ८९, थाइल्याण्डबाट चार हजार सात सय ९९, बेलायतबाट चार हजार पाँच सय ७१, बंगलादेशबाट चार हजार ९९, श्रीलंकाबाट तीन हजार ६ सय ८४ पर्यटक नेपाल आएका छन् । नेपाल भ्रमणमा आउने विदेशी पर्यटकको औसत बसाई १३ दिनसम्म हुने गरेको छ भने दैनिक खर्च ४५ डलरसम्म हुने गरेको पाइन्छ । *रासस*

## राजस्व परामर्श समिति गठन

**काठमाडौं (प्रस)–** राजस्व परिचालन तथा व्यवस्थापनका क्षेत्रमा सरकारलाई सुझाव दिने संयन्त्रका रूपमा रहेको राजस्व परामर्श समिति गठन भएर काम सुरु गरेको छ ।

राजस्व सचिव रामप्रसाद घिमिरेको संयोजकत्वमा समिति र सोअन्तर्गत विभिन्न विषयगत उपसमितिहरू गठन गरी काम थालिएको अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले जानकारी दिए । उनका अनुसार समितिमा अर्थ मन्त्रालय र उद्योग मन्त्रालयका पदाधिकारी, निजी क्षेत्रका छाता संस्थाका प्रतिनिधि, अर्थ तथा राजस्वविद्हरू अन्य विषयगत विज्ञलगायत रहेका छन् ।

समितिले आगामी आर्थिक वर्षको आर्थिक ऐनमार्फत गरिनुपर्ने कर प्रशासनसँग सम्बन्धित संशोधनका विषयमा सरकारलाई सुझाव दिनेछ । सरकारको राजस्व नीति, कर संरचना, अन्तर्राष्ट्रिय कर प्रणाली, कर छुट तथा करमा दोहोरोपनालगायतका विषयमा यो समितिले सुझाव दिनेछ । त्यस्तै, नयाँ कर कानुन बनाउने, कुनै कानुनी व्यवस्था खारेज गर्नुपर्ने भएमा त्यसको सिफारिस गर्ने र करका दर परिवर्तन गर्नेबारे पनि सरकारले यो समितिमार्फत सुझाव लिनेछ ।

समितिअन्तर्गत विभिन्न विषयगत उपसमितिहरू बनाएर क्षेत्रगत सुझाव लिने अभ्यास रहँदै आएको छ । जसअन्तर्गत आन्तरिक राजस्व, भन्सार, उद्योग तथा वाणिज्य, कृषि, पर्यटन, ऊर्जा, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान, लगानी तथा निर्यात प्रवर्द्धनलगायतका विषयगत उपसमिति रहन्छन् । यी उपसमितिले सरोकारवाला क्षेत्रसँग राय, सल्लाह तथा छलफल गरेर सुझाव एकीकृत गरी सरकारलाई बुझाउने छन् ।

राजस्व परिचालन तथा व्यवस्थापनका क्षेत्रमा सरकारलाई सुझाव दिने तथा नीतिगत सिफारिस पेस गर्ने संरचनाका रूपमा राजस्व परामर्श समिति रहँदै आएको छ । मुलुकको राजस्व नीति, करका दर र राजस्वसँग सम्बन्धित प्रक्रियागत तथा संगठनात्मक व्यवस्थामा समयानुकूल परिवर्तन गर्नका लागि यो समितिमार्फत सरकारलाई सुझाव जानेछ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ